'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सहभागी हुन अनुरोध

प्रगतिशील साहित्यकार हरिबहादुर श्रेष्ठ (नारायणमान बिजुक्छें) को प्रमुख आतिथ्यमा कवितासङ्ग्रह 'ए, मेरा रातहरू' पुस्तकको परिचर्चाका साथै कविता वाचन कार्यक्रममा सहभागी हुन सम्पूर्ण साहित्यप्रेमी महानुभावहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

कार्यक्रम
मिति : २०८३ साउन ३० गते, शनिबार
समय : दिनको १:३० बजे
स्थान : बालविकास सेकेन्डरी स्कूल लिबाली, भक्तपुर-८

आयोजक
'मजदुर' दैनिक

★ वर्ष : २८ ★ अङ्क : २०४ ★ ने. सं. ११४६ गुँला थ्व, तृतीया ★ शनिबार ★ ३० साउन, २०८३ ★ August 15, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# सहर, बस्ती सरुवा र परिणाम

भक्तपुर, २९ साउन । भक्तपुर जिल्ला आज चार नगरपालिकामा विभाजित छ । भक्तपुर नगरपालिका, मध्यपुर नगरपालिका, चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिका गरी जिल्लाको जनसङ्ख्या ४ लाख ३२ हजार बताइन्छ ।

भक्तपुर र मध्यपुर प्राचीन नगरकै सिलसिला हो भने चाँगुनारायण र सूर्यविनायक नगरपालिका पञ्चायत व्यवस्थापछिको प्रजातान्त्रिक र गणतान्त्रिक सङ्घर्षको देन हो ।

नेपालमा प्राचीन नगरहरू (जनकपुर, पोखरा, काठमाडौँ र पाटन) र राणाकालमा स्थापना हुँदै विकास भएका राजविराज, विराटनगर, वीरगञ्ज, धरान, धनकुटा, नेपालगञ्ज आदि हुन् भने पञ्चायतकालमा हेटौँडा, चितवन, भरतपुर, पूर्व र पश्चिमका पुराना सदरमुकाम वा सरकारी कार्यालयहरूको बस्ती हुँदै अहिले सहर बन्दै छन् । जस्तै: बुटवल, भैरहवा, सुर्खेत आदि ।

तर भूगोलविद् र समाजशास्त्रीहरूले नेपालमा छरिएर बसेका गाउँका जनतालाई एक पायक पर्ने ठाउँमा बसाइँसराइ गर्दै नगरहरूको विकासले देशलाई नयाँ मुहार र विकास निर्माणको पाइला चाल्ने दृष्टिकोण राखेको देखियो ।

तर, राजविराजजस्तो राणाकालमै बनाइएको व्यवस्थित नगर आज पनि लथालिङ्ग छ भने पञ्चायतकालमा खड्गबहादुर सिंहबाट टीकापुर व्यवस्थित नगरको योजना बनाइएको थियो । जग्गा धनी र टाठाबाठाहरूले त्यात पारेपछि एमाओवादीको बेला भन् भद्रगोल नै भयो । हवाई सेवाको निम्ति छुट्याएको भूमिसमेत व्यक्ति व्यक्तिले आ-आफ्नो कब्जा (मातहत) मा लिए ।

यसरी केन्द्रमा जस्तै प्रदेश, जिल्ला, गाउँ एवं सहरमा पनि सुल्फिएको राजनैतिक नेतृत्वको अभावको कारण जसरी दोस्रो विश्वयुद्धमा लाखौँलाख जनधनलाई ध्वस्त पार्ने हिटलरका युद्ध अपराधी घोषणा भएका सैनिक अधिकारीहरूलाई पछि प्रजातन्त्र र साम्यवादसँग लड्नको निम्ति अमेरिकी दक्षिणपन्थी सरकार वा ट्रुमेन र बेलायती क्रूर राजनीतिज्ञ चर्चिलले दक्षिण अमेरिकामा भगाइएकाहरूको सन्तानमध्ये पछि ब्राजिलको राष्ट्रपति बनाइएको बोल्सोनारोले 'संसारको फोक्सो' भनिएको ब्राजिलको जङ्गलमा आगो लगाउन दिएका थिए । त्यस्तै जङ्गलहरूमा हवाई मैदानको नाममा खर्बौं खर्बको नेपालका जङ्गलका काठहरू तस्करी गराउन खोज्ने र देशलाई प्रदूषणमा फसाउने षड्यन्त्रहरू पनि केही नेताहरूले गरेको बताइन्छ ।

जसरी काठमाडौँ उपत्यकामै पञ्च, प्रजातन्त्र र गणतन्त्रपछिका नेता र कार्यकर्ताहरूले बसोबास गर्नमा अपराध गरे ती सबै साह्रै तुच्छ र छोटो बुद्धिको परिणाम हो भन्ने परिणामले देखाउँदै छ । आफ्ना गाउँ ठाउँमा नातागोता, साथीभाइ र कार्यकर्तालाई फकाई फुलाई वा पैसा लिई वा पैसा नलिई काठमाडौँको मतदाता बनाउने उद्देश्यले मनोहरा, विष्णुमती र वाग्मती नदीको किनारमा बसोबास गराए । पञ्चायतभन्दा पहिले तीनकुनेनजिक सबै वाग्मती किनारा आज आफैं सहरको रूपमा घरहरूले भरियो । त्यसले पशुपति आँखाबाट ओझेल भयो र किनारा सबै व्यक्ति व्यक्तिको घर बन्यो ।

हरेक विषयमा अव्यवस्था भद्रगोल भएको हुँदा वाग्मती किनारका घरहरूमा पहिले पशुपतिका बाँदरहरू घरमा पस्थे । आखिर संसद्मा समेत 'सिंहदरबारमा बाँदर पस्यो' भन्ने आवाज सुनियो ।

आज उपत्यकाको हरेक नयाँ बस्तीमा पनि 'पशुपतिको बाँदर पस्यो' भन्ने कहावत चल्यो ।

यी सबै अराजकताको जिम्मेवार सरकारमा गएका नेताहरू नै हुन् भन्ने निष्कर्षमा पुग्यो । स्वर सानो होला तर सत्य छ । सहरमा आएर घर धेरै बनाइयो, आफ्नो पार्टीलाई मत दियो, आनीबानी भाषा र व्यवहार ठाउँअनुसारको भएन । एमालेका नेता ओली भक्तपुरको सूर्यविनायक नगरमा आएर बसे; उनले यसैलाई जित सम्झे ।

बाँकी पृष्ठ २ मा

# "आत्मनिर्भर बन्न औद्योगिकीकरणमा जोड दिनुपर्छ"




भक्तपुर, २९ साउन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाललाई आत्मनिर्भर बनाउन औद्योगिकीकरणमा जोड दिनुपर्ने बताउनुभएको छ ।

भक्तपुर रेडिमेड व्यापार सङ्घको १० औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनमा उहाँले रेडिमेड व्यवसायलगायत धेरै क्षेत्र विदेशमा निर्भर रहेको बताउनुभयो ।

नेपालमा हरेक वर्ष अर्बौं रूपैयाँ बराबरका सामान विदेशबाट आयात हुने गरेको उल्लेख गर्दै उहाँले देशको आर्थिक अवस्था चुनौतीपूर्ण रहेको बताउनुभयो ।

घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थसमेत विदेशबाट उच्च कर तिरेर आयात गर्नुपर्ने अवस्था रहेको भन्दै नगर प्रमुख प्रजापतिले देशको ठूलो रकम विदेसिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पैसा विदेश नजाने अवस्था सिर्जना गर्नु र आफ्नै उत्पादन बढाउनु नै आत्मनिर्भर बन्नु हो ।"

देश विकासका लागि चुनौती बढ्दै गएको उल्लेख गर्दै उहाँले सरकारले औद्योगिकीकरणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

उद्योग स्थापना तथा विस्तारबाट रोजगारी सिर्जना हुनुका साथै ठूलो आम्दानी हुने उहाँको भनाइ थियो ।

युवा, विद्यार्थी तथा दक्ष जनशक्ति विदेश पलायन भइरहेकाले देशको अवस्था थप चुनौतीपूर्ण बन्दै गएको बताउँदै नगर प्रमुख प्रजापतिले योग्य तथा दक्ष जनशक्तिलाई नेपालमै टिकाउने वातावरण सरकारले बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष मनोजबाबु श्रेष्ठले उद्योग तथा व्यवसाय सञ्चालनलाई सहज बनाउन सरकारले व्यवसायीलाई थप सहयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले सरकारले उद्योग तथा व्यवसायीलाई सहयोग गर्ने नीति लिनुपर्ने र मूल्य अभिवृद्धि करको दर घटाउनुपर्ने माग व्यवसायीहरूको रहेको बताउनुभयो ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका संस्थापक अध्यक्ष नरेश कटुवालले व्यवसायीबिच एकताको अभावका कारण उद्योग व्यवसाय क्षेत्रमा अपेक्षित सुधार हुन नसकेको बताउनुभयो ।

उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय भक्तपुरका अध्यक्ष रामप्रसाद कुस्मालेले कार्यालयको कार्यक्षेत्रबारे स्पष्ट पार्दै व्यवसायमा चुनौती र अवसर दुवै हुने बताउनुभयो ।

नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य नयनबहादुर पण्डित क्षेत्रीले व्यवसायीका समस्या समाधानका लागि सम्बन्धित निकायले व्यवसायीसँग प्रत्यक्ष छलफल गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले

बाँकी पृष्ठ ८ मा

# के ट्रम्प खानेकुरा बोक्ने ट्रकमा भागेका हुन् ?

संरा अमेरिकाको 'वासिङटन पोस्ट' मा संरा अमेरिकी राष्ट्रपति ट्रम्प जुलाई ९ का दिन टर्कीबाट बेलायत उडानको निम्ति एउटा विमानमा उक्लेको तर कसैलाई थाहा नदिई सो विमानको पछाडिको ढोकाबाट निस्केर एउटा खाना बोक्ने ट्रकमा गएर अर्को विमानमा उडेको उल्लेख भयो ।

ट्रम्प नाटोको जुलाई ७ र ८ मा सम्पन्न बैठकमा भाग लिन टर्की पुगेका थिए ।

संरा अमेरिकाकै अर्को पत्रिका 'द न्युयोर्क टाइम्स' का अनुसार ट्रम्प कतारले उपहार दिएको विमानबाट टर्की पुगेको र फर्कने क्रममा क्यामेरा अगाडि देखाएको विमानमा चढे पनि पछाडिबाट झरेर खाना बोक्ने ट्रकमा अर्को विमानमा गएको उल्लेख भयो ।

ट्रम्पको शासनमा सन् २०२० मा इरानी सैन्य कमान्डर कासिम सुलेमानीको इराकमा ड्रोन हमला गरी हत्या गरिएको थियो भने इरानका सर्वोच्च नेता आयातोला अलि खोमेनीलाई सन् २०२६ फेब्रअरी २८ मा इरानमा ड्रोन हमला गरी हत्या गरिएको थियो । इरानको छिमेकी देश टर्की पुगेका ट्रम्प यसकारण पनि डराएको र खानेकुरा बोक्ने ट्रकमार्फत विमान बदलेर बेलायत 'भागेको' दाबी गर्नेहरू पनि छन् ।

सन् २००० मा पाकिस्तान पुगेका तत्कालीन संरा अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले पनि यसरी नै विमान फेरेर फिर्ता भएका थिए । भनिन्छ, त्यसबेला क्लिन्टनलाई बिन लादेनको डर थियो ।

# संसद् र सांसदको मर्यादा कायम राख्नुपर्छ

देश विकास र जनताको काम, माम र बासको निम्ति ऐन बनाउन अघि सर्नुपर्ने सांसदहरू संसद्मा हुने अनुपस्थितिबारे विगतमा पनि धेरै गुनासो हुन्थ्यो । संसद्मा जाने हाजिर गर्ने तर देशको ऐन, कानुनको विषयमा छलफल हुने बैठकमा नबसी आ-आफ्नो व्यक्तिगत काम या स्वार्थमा लाग्ने सांसदहरूको प्रवृत्तिबारेको गुनासो अहिले पनि यथावत छ । बैठकमा सांसदहरूको गणपूरक सङ्ख्या नपुगेर बैठकहरू स्थगित गर्नुपरेको अवस्था छ । संसद्मा गणपूरक सङ्ख्या पुऱ्याउन ३ मिनेट घण्टी दिएर सूचना गर्दा पनि एकचौथाइ पनि पुगेन । प्रश्न उठ्छ, झन्डै दुईतिहाइ सांसद भएको रास्वपाका सांसदहरू कता लागे, के काममा लागे ? के उनीहरू आ-आफ्नो व्यक्तिगत काममा लागेका हुन् या कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा लागेका हुन् ? विगतमा पनि संसद् चलिरहेको बेला बैठकमा सांसद सङ्ख्या पुग्दैनथ्यो । त्यो रोग अझापि छ । विगतको सरकार र यो सरकारमा के फरक रहयो ?

बैठक भत्ता लिने, रेष्टुराँमा तन्न खाने अनि आ-आफ्नो व्यक्तिगत स्वार्थमा लाग्ने सांसदहरूले के देश र जनताको निम्ति सेवा गर्लान् ? सांसदहरूले आफ्नो पद र मर्यादाको पनि ख्याल गरेनन् । पदकै ख्याल नगर्ने सांसदहरूमा न त दायित्व बोध हुन्छ न त देश र जनताप्रति चिन्ता र चासो हुन्छ । के सांसदको काम भनेको संसद्मा हाजिर गरेर परिवारसँगै घुमफिर गर्न जानु हो ? देशको लागि आवश्यक संविधान, ऐन, कानुन, नीति-नियम, विकासबारे चिन्ता र चासो लिएर भूमिका खेल्नुपर्ने सांसदहरू संसद्को बैठककै खाली गरेर कहाँ किन गए भन्ने प्रश्न सचेत नेपाली जनताले

बाँकी पृष्ठ २ मा

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- नेपालको अर्थतन्त्र सानो छ । नेपाली कम्पनीहरूको धितोपत्र विदेशीलाई समेत बिक्री गर्न पाउने रास्वपा सरकारको नीतिले नेपालको पुँजीलाई विदेशी पुँजीले खाने र अन्ततः नेपाल ती देशको नवउपनिवेश बन्ने खतरा छ । गैरआवासीय नेपाली भनेका पनि नेपाली नागरिकता त्यागेर विदेशी नागरिक भइसकेकाहरू हुन् ।
- रास्वपाको झन्डै दुईतिहाइ भएको प्रतिनिधिसभामा केही दिनअघि गणपूरक सङ्ख्या नपुगेर सरकारको प्रस्ताव पारित भएन । नेका, एमाले, तत्कालीन माओवादी, राप्रपा र मधेस आधारित पार्टीको सरकारमा गणपूरक सङ्ख्या नपुग्दा रास्वपाले विपक्षबाट विरोध गरेको के बेतुक साबित भयो ?
- खाल्डाखुल्डी बालबालिकाका लागि धराप बनिरहेको सत्य हो । मनसुनसँगै सडक, कल्भर्ट, निर्माणस्थल र पुराना खाडलमा पानी जम्छ । पानी जमेको ठाउँको गहिराइ अनुमान गर्न नसक्दा खेल्न, नुहाउन वा पौडी खेल्न पुगेका बालबालिका डुब्ने गरेका छन् । यसबारे अघिल्ला सरकारहरूले वास्ता गरेनन् भने रास्वपाको सरकारले पनि वास्ता गरेन । सहरमा जमिनको पानीको निकास इन्लेट र मेन होल समयमा नखोलेको कारण पनि डुबान भइरहेको हो ।
- रोल्पाको थवाङ गाउँपालिका ५ उवाकोटलबारा गाउँको सिरानबाट बेलुका साढे ७ बजेतिर एक्कासि लेदोसहितको भेल पहिरो खस्यो । पहिरोमा परेर गाउँका ११ वटा घरगोठसँगै घरभित्र रहेका १३ जना पनि पुरिए । यो प्राकृतिक विपद्को पहिलो उदाहरण होइन । देशको ठाउँ-ठाउँमा यस्तो पहिरो र डुबान धेरै छन् । सरकारले भूगर्भशास्त्रीहरूको सुझावअनुसार बस्तीको विकास नगरेकै कारण नेपालीहरू विपद्को सिकार भइरहेका हुन् ।

बाँकी पृष्ठ ८ मा

# युवा–विद्यार्थीले गराए सरकारको ध्यानाकर्षण !



भक्तपुर, २९ साउन । नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, भक्तपुर जिल्ला समितिले एलपी ग्यासको सहज आपूर्ति, कालाबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण गराउन शुक्रबार नेक्रायुसङ्घ भक्तपुरका अध्यक्ष जगतराम धुख्वाको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझायो । ज्ञापनपत्रमा निम्न मागहरू समेटिएका छन् :

१. खाना पकाउने एलपी ग्यासको नियमित, पर्याप्त, पारदर्शी र सहज आपूर्ति तत्काल सुनिश्चित गरियोस् ।

२. ग्यासको कालोबजारी, कृत्रिम अभाव तथा तोकिएको मूल्यभन्दा बढी मूल्य असुल्ने दोषीमाथि कडा कानुनी कारबाही गरियोस् ।

३. खाद्यान्न, तरकारी, इन्धनलगायत दैनिक उपभोग्य अत्यावश्यक वस्तुको अस्वाभाविक मूल्यवृद्धि तत्काल नियन्त्रण गरियोस् ।

४. कालोबजारी, कृत्रिम अभाव र बिचौलियाको चलखेल नियन्त्रण गर्न नियमित, प्रभावकारी तथा परिणाममुखी बजार अनुगमन गरियोस् ।

५. अत्यावश्यक वस्तुको आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र उपभोक्तामैत्री बनाइयोस् ।

६. नेपालका नदीनालाबाट सरकार आफैले विद्युत् उत्पादन गरी नेपाली जनतालाई सहुलियत मूल्यमा बिजुली उपलब्ध गराई खाना पकाउने ग्यास आयातमा भइरहेको व्यापारघाटा घटाइयोस् ।

# भक्तपुर नगरको अवलोकन भ्रमणमा इनोभेटिभ स्कूलका विद्यार्थीहरू



भक्तपुर, २९ साउन । भक्तपुर नगरको भ्रमणमा आएका इनोभेटिभ इ. स्कूल काठमाडौँका विद्यार्थी तथा शिक्षकहरूलाई भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले स्वागत गर्दै भक्तपुरको विषयमा जानकारी दिनुभयो ।

त्यसक्रममा वडाध्यक्ष ज्याख्वले भक्तपुर नगरपालिका क्षेत्रफलमा देशकै सानो पालिका भए पनि टोल–टोलमा सम्पदा र यससँग सम्बन्धित इतिहास, कला र संस्कृति भेटिने बताउनुभयो। पुर्खाले नासोको रूपमा छोडेर गएका भौतिक तथा अभौतिक सम्पदा र संस्कृतिलाई यहाँका अग्रजहरूले नयाँ पुस्तालाई क्रमश: हस्तान्तरण गर्दै जीवन्त पार्ने प्रयत्न भइरहेको चर्चा गर्दै उहाँले भक्तपुरलाई स्वदेशी तथा विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र बनाई यहाँको आर्थिक र सामाजिक स्तरोन्नति गर्ने कार्य भइरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँले 'सय वर्षपछिको भक्तपुर' पुस्तकमार्फत भक्तपुरको विकासको मार्गदर्शन पेस गर्नुभएको चर्चा गर्दै उहाँको परिकल्पनालाई भक्तपुरवासी जनताले आफ्नै सपनाको रूपमा लिएर एकताबद्ध भई सभ्य र सुसंस्कृत समाज निर्माणमा अघि बढिरहेको उहाँले प्रस्ट पार्नुभयो ।

उहाँले भक्तपुरको दरबार क्षेत्र, डातापोल्हँ मन्दिर, दत्तात्रय क्षेत्र र तालाक्व क्षेत्रको ऐतिहासिक महत्त्वबारे उल्लेख गर्दै भक्तपुर नगरका हरेक गल्ली र चोकमा इतिहास र संस्कृतिबारे अध्ययन गर्न सकिने विशेषता रहेको बताउनुभयो ।

विद्यालयका सहायक प्रधानाध्यापक तस्लिम मुजाहिदले हरेक वर्ष विद्यार्थीलाई भक्तपुरको अवलोकन भ्रमण गराउँदै आएको चर्चा गर्दै नयाँ पुस्ताले भक्तपुरको इतिहास र जीवन्त संस्कृतिबाट पाठ सिकिरहेको बताउनुभयो । अवलोकन भ्रमणको क्रममा भेटिने हरेक सर्वसाधारण व्यक्तिमा समेत भक्तपुरप्रति गर्व गर्ने र सामाजिक उत्तरदायित्वबोध गर्ने भावनाले आफू उत्साहित भएको उहाँको भनाइ छ ।

कार्यक्रममा विद्यार्थीहरूले भक्तपुरको इतिहास, जीवनशैली र विशेषताबारे जिज्ञासाहरू व्यक्त गरे । सहायक प्रधानाध्यापकको नेतृत्वमा शिक्षक तथा विद्यार्थीहरूको टोलीले बिहीबार भक्तपुर नगरका सम्पदा, सङ्ग्रहालय, तथा केही शिक्षालयहरूको अवलोकन भ्रमण गरेको बताइएको छ ।

# ऐतिहासिक खगां भैल: प्याखँ पुनर्जीवनका लागि आर्थिक सहयोग आह्वान

भक्तपुर, २९ साउन । चानपा - ९ ताथलीमा करिब तीन दशकदेखि रोकिएको ऐतिहासिक खगां भैल: प्याखँ पुन: सञ्चालन गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने अभियान अघि बढाइएको छ । परम्परागत कला, संस्कृति र सामुदायिक पहिचानसँग जोडिएको यो सांस्कृतिक सम्पदालाई पुनर्जीवन दिन प्रशिक्षण तथा तयारीका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

खगां भैल: प्याखँ सञ्चालनका लागि आवश्यक मकुन्डो, पोसाक, श्रृङ्गार, बाजागाजा, प्रशिक्षण तथा अन्य व्यवस्थापन खर्च जुटाउन आर्थिक स्रोत आवश्यक भएकोले आयोजकले स्वदेश तथा विदेशमा रहेका संस्कृतिप्रेमी, शुभेच्छुक, समाजसेवी तथा सङ्घसंस्थासँग सहयोगको आह्वान गरेको हो ।

खगां दाफा भजन खल: तथा भैल: प्याखँ व्यवस्थापन समितिले आफ्नो क्षमता र इच्छाअनुसार स्वैच्छिक आर्थिक सहयोग गरी लोपोन्मुख सांस्कृतिक परम्पराको संरक्षण अभियानमा सहभागी हुन आग्रह गरेको छ ।

समितिका अनुसार प्राप्त सहयोगबाट मकुन्डो, पोसाक तथा श्रृङ्गार सामग्री, बाजागाजा, प्रशिक्षण, नयाँ पुस्तामा प्याखँ हस्तान्तरण तथा प्रदर्शन र कार्यक्रम व्यवस्थापनलगायतका कार्यमा खर्च गरिनेछ ।

समितिले आर्थिक सहयोग गर्ने व्यक्ति, सङ्घसंस्था तथा शुभेच्छुकको नाम फेसबुकका साथै स्मारिकामा समेत प्रकाशन गर्ने जनाएको छ । सहयोग रकम सानो वा ठूलोभन्दा पनि संस्कृति संरक्षणप्रतिको भावना महत्त्वपूर्ण रहेको समितिको भनाइ छ ।

समितिले सहयोग गर्न इच्छुक महानुभावलाई ९८४१५६६५५६ र ९८५-१२२९९२४ मा सम्पर्क गर्न आग्रह गरेको छ ।

लामो समयदेखि रोकिएको परम्परालाई पुन: जीवन दिन थालिएको यो अभियानले स्थानीय मौलिक संस्कृति संरक्षणसँगै नयाँ पुस्तामा सांस्कृतिक ज्ञान र सीप हस्तान्तरण गर्ने अवसर समेत सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

'परम्परा बचाऔँ, संस्कृति जोगाऔँ र खगां भैल: प्याखँलाई पुन: जीवित बनाऔँ' भन्ने उद्देश्यसहित अघि बढाइएको अभियानमा समुदायको सक्रिय सहभागिता र सहयोग आवश्यक देखिएको छ ।

# साइबर अपराधमा २० हजारभन्दा बढी उजुरी, १५५ जना पक्राउ

काठमाडौँ, २९ साउन । इमेलमा अश्लील सन्देश पठाई महिलाको चरित्र हत्या गर्ने नुवाकोटका ३४ वर्षीय सुरेन्द्रप्रसाद खनाल गत असार २६ गते पक्राउ परे ।

सामाजिक सञ्जाल फेसबुक ह्याक गरी अनधिकृत पहुँच पु्याएर ठगी गर्ने नुवाकोटकै १९ वर्षीय विवेक सुनारलाई पनि असार २४ गते पक्राउ गरियो । त्यसैगरी, इसेवाको कर्मचारी हुँ भन्दै ठगी गर्ने रौतहटका २२ वर्षीय शुभम साहलाई पनि सुरक्षाकर्मीले असार २ गते नियन्त्रणमा लिएका थिए ।

सुरेन्द्र, विवेक र शुभम प्रतिनिधि पात्र मात्र हुन् । उनीहरूजस्तै सामाजिक सञ्जालको दुरूपयोग गरी पीडितलाई ब्ल्याकमेल गर्ने, ठगी गर्ने, अनलाइन स्क्यामिङ गर्ने, सफ्टवेयर कम्पनीको स्रोत सङ्केत (सोर्स कोड) मा अनधिकृत पहुँच पु्याउनेलगायत विद्युतीय कसुरमा संलग्नलाई सीमित स्रोतसाधनका बाबजुद उपलब्ध प्रविधिको उच्चतम प्रयोग गरी कानुनी दायरामा ल्याउन साइबर ब्यूरो सक्रिय रहेको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असार मसान्तसम्म साइबर अपराधसम्बन्धी २० हजार ५२६ वटा निवेदन प्रहरीमा दर्ता भएका छन् । सो अवधिमा साइबर अपराधमा १६१ वटा मुद्दा दर्ता भएका थिए भने १५५ जना पक्राउ परेका थिए ।

दर्ता भएका निवेदनमध्ये सामाजिक सञ्जालतर्फ फेसबुक/म्यासेन्जरको दुरूपयोगका सात हजार १२३, टिकटकका छ हजार ७७६, ह्वाट्सएपका तीन हजार १०५, टेलिग्रामका एक हजार ३१, इन्स्टाग्रामका ६२८, इमेलका ११४, भाइबरका २१, इमोका ३८, युट्युबका ६४, वीच्याटका १४, ट्वीटरका ११, गुगलका ११, इसेवा/खल्ती/बैङ्क खाता/एसएमएसका ७४४ र संस्थासम्बन्धी ८४६ वटा रहेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा १८ हजार ९२६ र आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ७३० वटा साइबर अपराधसम्बन्धी निवेदन प्रहरीमा दर्ता भएका थिए ।

साइबर अपराधको पछिल्लो प्रवृत्तिबारे साइबर ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले सामाजिक सञ्जालको प्रयोगसँगै यसको दुरूपयोग पनि बढिरहेको बताउनुभयो । उहाँका अनुसार पछिल्ला दुई आर्थिक वर्षका उजुरीको प्रवृत्ति हेर्दा विशेषगरी बैङ्क तथा वालेट कार्यालयबाट बोलेको भन्दै पीडितको बैङ्क खातामा पहुँच पु्याएर ठगी गर्ने, गिफ्ट, लोट्री तथा पार्सल पठाएको भन्दै ठगी गर्ने, प्रेम सम्बन्धमा पारेर ठगी गर्ने, वैदेशिक रोजगारीको प्रलोभन देखाई ठगी गर्ने, टेलिग्राम, ह्वाट्सएप तथा इन्स्टाग्राममा अनलाइन जबको प्रलोभन देखाएर ठगी गर्ने र अनलाइन सपिङका नाममा ठगी गर्ने प्रवृत्ति बढेको छ ।

प्रविधिको दुरूपयोगका कारण अपराधका नयाँ शैली र प्रवृत्ति देखिन थालेपछि अपराध अनुसन्धान कार्य थप चुनौतीपूर्ण बन्दै गएको छ । यस्ता चुनौतीको सामना गर्दै प्रविधिको प्रयोगबाट हुनसक्ने अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्ने उद्देश्यले नेपाल सरकारको २०७५ जेठ २७ गतेको निर्णयबाट साइबर ब्यूरो स्थापना गरिएको हो ।

ब्यूरोलाई थप प्रविधियुक्त बनाउँदै प्रहरी कर्मचारीको साइबर अपराध तथा सुरक्षासम्बन्धी क्षमता अभिवृद्धि गर्नुका साथै आम नागरिकमा साइबर सुरक्षासम्बन्धी सचेतना फैलाउने विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । प्रविधिको प्रयोगबाट हुने अपराधको रोकथाम तथा अनुसन्धानमा नेपाल प्रहरी सक्रिय रहँदै आएको छ ।

साइबर अपराधमा संलग्नलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा कारबाही हुने गरेको छ । *रासस*

**संसद...**

गर्न थालेका छन् । कति नयाँ सांसदहरूमा कहाँ के बोल्नुपर्छ भन्ने ज्ञान पनि छैन । प्रतिपक्ष सांसदले उठाएको प्रश्न र जिज्ञासा पनि बुझ्दै नबुझी जवाफ फर्काएर नयाँ सांसदहरू हाँसोका पात्र बनेका छन् । संसदमा उठाएको प्रश्न सहन नसकेर आक्रोशमा बोल्ने, के बोलेको भनी पाखुरा सुर्काउने, छाडा बोल्ने, के बोलिस् भनी अशिष्ट व्यवहार गर्ने सांसदहरूको चाला देखेर सत्तासीन दलका नेता, मन्त्री र अन्य सांसदहरू नै लज्जित भएको स्थिति छ ।

राजनीतिको कुनै ज्ञान नभएका, जनतामाझ पुगेर जनताको सेवामा कहिले नभिजेका, नलागेका सांसदहरू संसदमा भरिएका छन् । देश नचिनेका, जनताको समस्या नबुझेका सांसदहरूको जमातले देशको मुहार फेर्ला भनी कसरी विश्वास गर्ने ? जनताले नचिनेका सांसदहरू जनताभित्र कसरी भिज्छन् ? जनताभित्र नपसेका सांसदहरूले जनताका समस्या कसरी बुझ्छन् ? विगतमा रास्वपाका सांसदहरूले सरकारको ध्यानाकर्षण गर्दै प्रश्न गरेका थिए, संसदमा सांसदहरू खोइ ? आज त्यही रोग रास्वपामा सरेको छ । रास्वपाका सांसदहरू संसद् बैठकमा उपस्थिति सारै नगण्य छ । अरु दलका नेताहरूलाई पाठ सिकाउने रास्वपाका सांसदहरूले आफ्नै दलका सांसदहरूलाई पाठ सिकाउने कहिले ? हिजो महँगी र ग्यासको अभावमा घाँटी सुकाइसुकाइ बोल्ने सांसदहरूले आज महिनौंदेखि ग्यास अभाव भए पनि, महँगी बढे पनि सरकारको ध्यानाकर्षण गरेको खोइ ? सरकारको गलत काम, गलत निर्णय र कमजोरीको विरोध प्रतिपक्ष दल र दलका सांसदहरूले मात्र होइन सत्तासीन दलका सांसदहरूले पनि गर्नुपर्छ । गल्ती कसैले गर्नुहुँदैन; गल्ती कसैले गर्छ भने त्यसको विरोध या खबरदारी गर्नुपर्छ ।

कति सांसदहरू हचुवा ढङ्गले टिप्पणी गर्छन्, संसदमा बोल्ने नेता सांसदहरूको कर्तव्य हो; हामीले बोल्नु पर्दैन; बोल्न पनि दिँदैन; अनि संसदमा के गरेर बस्ने ? अरुले बोलेको के सुनेर बस्ने ? संसदमा बोल्ने पालै आउँदैन । बोल्ने कार्यक्रम पनि छैन भनेर सांसदहरू संसदबाट भाग्न पाउँदैनन् । संसदमा व्यक्त विचार सुनेर, सांसदको प्रतिक्रिया र सोको जवाफ सुनेर पनि कति कुरा जानिन्छ । के संसद् बोल्नेहरूको मात्र मञ्च हो ? बोल्नेहरूमात्रै संसदमा सहभागी हुने भए संसद् र सांसदको मर्यादा कसरी हुन्छ ? संसद् कसरी चल्छ ? बहुमत प्राप्त सरकारका सांसदहरूको यो दुर्गति र दुर्भाग्यपूर्ण स्थिति कसले निम्त्यायो ? सत्तारुढ दल रास्वपाका सांसदहरूको संसदीय जिम्मेवारीप्रतिको यो बेवास्ता के अन्तिम होला र ? सरकारको कार्यशैलीप्रति के रास्वपाकै सांसदहरू सन्तुष्ट नभएका हुन् ? के सांसदहरू जिम्मेवार, नैतिक र कर्तव्यनिष्ठ हुनुपर्दैन ? संसदमा सांसदहरूको उपस्थिति र सहभागीप्रति समयमै ध्यान नदिए के जनतामा संसदप्रतिको विश्वास कम हुँदै जाँदैन ? सोचनीय छ । यो संसद्को प्रभावकारीमाथिको शङ्का निवारण गर्ने काममा के सत्तारुढ दल रास्वपा लाग्छ ? लागेर हल गर्छ ?

**सहर...**

आज त्यही कारण आफ्नै ठाउँमा बालेनको उम्मेदवारीले 'अपराधको फल कस्तो हुन्छ' भने चखाइदियो । यो स्थिति सबै ठाउँमा छ, नकारात्मक नभई राम्रो मनले देश र जनताको सेवा गर्ने भावना राखेर काम गरेको भए हुन्थ्यो, तर उद्देश्य राम्रो थिएन र परिणाम पनि राम्रो भएन, सबै सचेत हुनुपर्ने अनुभव सबै जानकारहरूको छ ।

## सङ्क्षिप्त समाचार

# मध्यपहाडी राजमार्गमा राति सवारी आवागमनमा रोक

रुकुमपूर्व, २९ साउन । भारी वर्षाका कारण पहिरो खसेर पुष्पलाल ( मध्यपहाडी) राजमार्गका विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि रुकुमपूर्वमा रातिको समयमा सवारी आवागमनमा रोक लगाइएको छ ।

जिल्ला प्रशासन कार्यालय रुकुमपूर्वका अनुसार यही साउन २८ गते दिउँसोदेखि परेको भारी वर्षाका कारण जिल्लाअन्तर्गत पर्ने मध्यपहाडी राजमार्गको काँडाबगर, धौलापहिरालगायत स्थानमा पहिरो खसेर सडक अवरुद्ध भएको हो । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले केही दिन अझै वर्षाको सम्भावना रहेको जनाएको तथा सडकको अवस्था जोखिमपूर्ण रहेकाले जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सवारी आवागमनमा रोक लगाएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी समीर गौतमद्वारा जारी सूचनाअनुसार शुक्रबार बेलुकी ७:०० बजेदेखि साउन ३० गते बिहान ७:०० बजेसम्म मध्यपहाडी राजमार्ग भएर सञ्चालन हुने सबै प्रकारका सवारीसाधनको आवागमनमा रोक लगाइएको छ । प्रशासनले दिउँसोको समयमा मौसमको पूर्वानुमान, वर्षाको अवस्था तथा सडकको अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न सम्बन्धित सबैलाई आग्रह गरेको छ । ***रासस***

# लागूऔषधसहित एघार जना पक्राउ

काठमाडौँ, २९ साउन । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित ११ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चितवनको रत्ननगर नगरपालिकाबाट दुई, कास्कीको बागलुङ बसपार्क र खुदीखोलाबाट एक/एक, दाङको तुलसीपुर उपमहानगरपालिकाबाट दुई, भक्तपुरको दुवाकोटबाट एक, तनहुँको आँबुखैरेनीबाट एक, झापाको भद्रपुर-५ नयाँबजारबाट एक, कैलालीको धनगढी उपमहानगरपालिका-७ जेपी चोकबाट एक र सुनसरीको इटहरी उपमहानगरपालिका-१७ बाट एक जना पक्राउ परेका छन् ।

प्रहरीले उनीहरूका साथबाट लागुऔषध खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने डाइजेपाम, नोर्फिन, फेनारगन, ट्रामाडोल र प्रोमेथाजाइन बरामद गरेको छ । ***रासस***

# पत्रकार श्रेष्ठलाई सोमबार अदालतमा उपस्थित गराउन आदेश

काठमाडौँ, २९ साउन । सर्वोच्च अदालतले जनआस्था साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठलाई सोमबार अदालतमा उपस्थित गराउन प्रहरीलाई आदेश दिएको छ ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले उहाँलाई अदालतमा उपस्थित गराउन आदेश दिएको हो ।

पत्रकार श्रेष्ठका तर्फबाट उहाँकी श्रीमती सरस्वती श्रेष्ठले बिहीबार थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरण रिट दायर गर्नुभएको थियो । रिटमा बिनाआधार पक्राउ गरिएको भन्दै उहाँलाई थुनामुक्त गर्न माग गरिएको छ । बुधबार राति पत्रकार श्रेष्ठलाई पक्राउ गरिएको थियो । काठमाडौँ जिल्ला अदालतले बिहीबार उहाँलाई प्रहरी हिरासतमा राख्न तीन दिनको अनुमति दिएको छ । ***रासस***

# जाजरकोटमा बाढीले घर र पुल बगायो

काठमाडौँ, २९ साउन । अविरल वर्षाका कारण गएराति जाजरकोटको नलगाड नगरपालिका-१० मा तासुघाट आएको बाढीले एउटा खाजा पसलसहित चार वटा घर र झोलुङ्गे पुल बगाएको छ ।

बाढी पहिरोबाट भेरी करिडोरअन्तर्गत जाजरकोट-डोल्पा सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको तथा घटनामा मानवीय क्षति नभएको सशस्त्र प्रहरी बलका नायब उपरीक्षक एवं सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

जाजरकोटको दल्लीस्थित सशस्त्र प्रहरीको अस्थायी मनसुन विपद् व्यवस्थापन बेस र स्थानीय प्रहरी चौकीबाट प्रहरी जनशक्ति प्रभावित क्षेत्रतर्फ खटाइएको छ । घटनाको विस्तृत विवरण आउन बाँकी रहेको सशस्त्र प्रहरीले जनाएको छ । ***रासस***

# बाजुरा पहिरो अपडेट बेपत्ता महिलाको शव भेटियो

बाजुरा, २९ साउन । बाजुराको त्रिवेणी नगरपालिका-९ ताम्सुमा पहिरोमा परी बेपत्ता भएकी महिलाको शव भेटिएको छ । गएराति अविरल वर्षासँगै पहिरोले घर पुरिँदा बेपत्ता भएकी त्रिवेणी नगरपालिका-९ की २० वर्षीया प्रतीक्षा थापाको शव भेटिएको हो ।

बेपत्ता थापाको खोजी गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा स्थानीय खटिएका थिए । पहिरोले पुरिएको घरभित्र थापाको शव भेटिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी नरेशबहादुर शाहीले जानकारी दिनुभयो ।

पहिरोका कारण उक्त बस्तीका अन्य घर पनि जोखिममा रहेका स्थानीय दीपेन्द्र थापाले बताउनुभयो । पहिरोले स्थानीय धर्म थापा र कर्णबहादुर थापाको घर पूर्ण रूपमा क्षति भएको छ । पहिरोमा परी स्थानीय धर्म थापा र धौलीदेवी रावल घाइते भएका छन् । घाइते दुवैको जिल्ला अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । ***रासस***




हेटौँडा उपमहानगरपालिका-११ नवलपुरस्थित सहिद स्मारक परिसरमा स्थापना गरिएको जातीय सङ्ग्रहालय । सङ्ग्रहालयमा विभिन्न जातजातिको मौलिक भेषभूषा, संस्कृति र पहिचान झल्काउने महिला तथा पुरुषका डमी राखिएको छ । *तस्बिरः बसन्त भण्डारी/रासस*

# नेपाल-चीन सम्बन्ध सात दशकमा बृहत् साझेदारीमा विस्तार

काठमाडौँ, २९ साउन । परराष्ट्रसचिव अमृतबहादुर राईले नेपाल 'एक चीन सिद्धान्तप्रति' दृढ रहेको र नेपाली भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता पुनः दोहोर्‍याउनुभएको छ । उहाँले नेपाल र चीनबिचको कूटनीतिक सम्बन्ध पञ्चशीलका सिद्धान्त, असल छिमेकीपन, पारस्परिक साझेदारी, सहकार्य, समानता र एकअर्काका भावना र संवेदनशीलताप्रतिको सम्मानमा आधारित रहेको बताउनुभयो ।

नेपाल र चीनबिचको कूटनीतिक सम्बन्धको ७१ औँ वार्षिकोत्सव समारोह तथा २०२६ नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगिताको पुरस्कार वितरण समारोहका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा बोल्दै परराष्ट्रसचिव राईले यो वार्षिकोत्सव 'हाम्रो कूटनीतिक पात्रोको एउटा सिलसिलामात्र नभई चिरस्थायी सम्बन्धको प्रमाण हो' भन्नुभयो ।

सात दशकको अवधिमा द्विपक्षीय सम्बन्ध, परम्परागत सम्बन्ध र सांस्कृतिक आदानप्रदानबाट साझा समृद्धिका लागि बृहत् साझेदारीसम्म विस्तार भएको परराष्ट्रसचिव राईले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार उच्चस्तरीय भ्रमणलगायत विभिन्न तहका आदानप्रदानले नेपाल-चीन सम्बन्धका सबै पक्षमा गतिशीलता र जीवन्तता भर्दै मित्रता बढाएका छन् । द्विपक्षीय सम्बन्धका साथै नेपाल र चीनले नियममा आधारित विश्वव्यापी व्यवस्थाका लागि बहुपक्षीयताप्रति दृढ प्रतिबद्धता जनाएको र साझा हितका विषयमा विभिन्न बहुपक्षीय मञ्चमा सहकार्य गर्दै आएको उहाँले उल्लेख गर्नुभयो ।

एक असल मित्र र नजिकको छिमेकीका रूपमा चीनले हासिल गरेको अद्भूत आर्थिक विकासप्रति नेपालले गौरव गरेको र त्यसबाट सिक्न तथा फस्टाउँदो चिनियाँ अर्थतन्त्रसँग नेपालको आर्थिक सहकार्य पनि गहिरो बनाउन चाहेको उहाँले स्पष्ट पार्नुभयो ।

विगत सात दशकमा नेपाल र चीनबिच व्यापार, लगानी, पूर्वाधार विकास, पर्यटन, शिक्षा, संस्कृति र जनस्तरको सम्बन्धमा व्यापक विस्तार भएको छ भन्दै सचिव राईले ट्रान्स-हिमालयन बहुआयामिक सम्पर्क सञ्जाल र यसको शीघ्र कार्यान्वयनलाई नेपालले महत्त्व दिने बताउनुभयो ।

सो अवसरमा चिनियाँ राजदूत चाङ माओमिङले दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि हालसम्म अन्तर्राष्ट्रिय परिदृश्य जतिसुकै परिवर्तन भए पनि एकअर्कालाई सम्मान, विश्वास र समर्थन गर्दै आएको र सुखदुःखमा सँगसँगै उभिने असल छिमेकी, असल मित्र र असल साझेदार भएको धारणा राख्नुभयो ।

नेपालमा नयाँ सरकार गठन भएदेखि नेपाल-चीनबिचको राजनीतिक पारस्परिक विश्वास गहन हुँदै गएको र उच्चस्तरीय 'बेल्ट एन्ड रोड सहकार्य' ठोस परिणामसहित अगाडि बढिरहेको चिनियाँ राजदूतको भनाइ छ ।

व्यापार तथा अर्थतन्त्र, पूर्वाधार, सम्पर्क-सञ्जाल, ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलगायतका क्षेत्रमा नयाँ प्रगति हासिल भएको भन्दै राजदूत माओमिङले ठुलो सङ्ख्यामा चिनियाँ पर्यटक नेपालको अनुपम सुन्दरता हेर्न आइरहेको बताउनुभयो । दुई देशका जनताबिचको यी सामान्य तर न्यानो आदानप्रदान नै आजको नेपाल-चीन सम्बन्धको वास्तविक जग भएको राजदूत माओमिङको कथन थियो ।

सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङले गर्नुभएको नेपालको राजकीय भ्रमणले दुई देशबिचको सम्बन्धलाई 'विकास र समृद्धिका लागि दीर्घकालीन रणनीतिक साझेदारी'को स्तरमा पुर्‍याएको राजदूत माओमिङले स्मरण गर्नुभयो ।

राजदूत माओमिङले चीनले सधैँ शान्तिपूर्ण विकासको बाटो अवलम्बन गर्दै आएको तथा सबै देश उनीहरूको आकार, शक्ति वा जेसुकै आर्थिक अवस्थाजस्तो भए पनि एकअर्कालाई सम्मान, समान व्यवहार गर्नुपर्छ र शान्तिपूर्वक सहअस्तित्वमा रहनुपर्छ भन्ने मान्यता राख्दै आएको विचार व्यक्त गर्नुभयो ।

उहाँले चीन नेपालसँग पारस्परिक सम्मान र पारस्परिक लाभमा आधारित भई दुई देशबिचको सम्बन्धलाई अझ अगाडि बढाउन, दुवै देशबिच भएका महत्त्वपूर्ण समझदारी कार्यान्वयन गर्न र नेपाल-चीनबिच साझा भविष्यको समुदाय निर्माणलाई अगाडि बढाउन तयार रहेको जानकारी गराउनुभयो ।

राजदूत माओमिङले डिजिटल युगमा छोटा श्रव्यदृश्य सामग्रीले भाषा, दूरी र संस्कृतिका सीमाभन्दा माथि उठेर विषयवस्तुलाई केही सेकेन्डमै व्यापक दर्शकसमक्ष पुर्‍याउन सक्ने भन्दै खुसी व्यक्त गर्नुभयो ।

यस वर्षको नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगितामा ठुलो सङ्ख्यामा भिडियोहरू प्राप्त भएका र प्रतिस्पर्धीहरूले नेपाल-चीन सम्बन्धका विविध आयाम र दुई देशका सुन्दर दृश्य समेटेकामा प्रशंसा गर्नुभयो ।

श्रव्यदृश्य सामग्रीमा भावना र आत्मियता जोडिएको भन्दै उहाँले नेपाल-चीन सम्बन्ध केवल कूटनीतिक कागजातमा लेखिएको राजनीतिक सहमतिमात्र नभई दुई देशका जनताबिचको व्यापक सहकार्य, आदानप्रदान र भ्रमणमा पनि जीवित रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगितामा विजयी प्रतिस्पर्धीलाई पुरस्कार वितरण तथा सम्मान गरिएको थियो । प्रतियोगितामा दिपेश स्याङ्दानले प्रथम पुरस्कार पुरस्कारसँगै रु. ५० हजार प्राप्त गर्नुभएको थियो । सो अवसरमा विभिन्न राजनीतिक दलका नेता, कूटनीतिज्ञ, व्यवसायी तथा अन्य क्षेत्रका व्यक्तिको उपस्थिति थियो । ***रासस***

## सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.

ग:पलि, भक्तपुर-४, फोन नं.: ०१-६६२०१६१

### धितो लिलामीबाट सकार गरी लिएको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धमा ७ दिने सूचना

**प्रकाशित मितिः २०८३/४/३०**

यस संस्थाका सदस्यता नं. ११५९ का सदस्य उर्मिला दाहाल तिमिल्सिनाले यस संस्थाबाट लिएको ऋणको सावाँ तथा ब्याज तोकिएको भाखाभित्र चुक्ता नगरेको र पटकपटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दासमेत संस्थाको सम्पर्कमा नआएको हुँदा संस्थाका सदस्यहरूले जम्मा गरेको बचत संरक्षण गर्ने दायित्व अनुरूप संस्थाले लिनुपर्ने सावाँ तथा ब्याज र अन्य शुल्क उठाउन निज सदस्यले ऋण लिँदा सुरक्षणको रूपमा राखेको तपसिलको विवरणअनुसारको धितो सहकारी नियमावली २०७५ को परिच्छेद-८ अनुसार ऋण असुली तथा बाँकी बक्यौता असुलीसम्बन्धी दफा ३० को उपदफा 'च' बमोजिम लिलामको लागि २०८१ पुस १३ गते प्रकाशित सूचनाअनुसार ३५ दिनभित्र बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज, बिलम्ब शुल्क र अन्य दस्तुरको रकम बुझाई कर्जा चुक्ता गर्नुपर्नेमा चुक्ता गर्न नआएको, सूचना प्रकाशित भएको मितिले ३६ औँ दिनभित्र नेपाली नागरिकहरूले उक्त जग्गाको पञ्चकृत मोल रू. ३५,००,०००।- (अक्षरेपी पैँतीस लाख रूपैयाँ मात्र ) मा नघटाई धितो लिलामीको लागि गोप्य शिलबन्दी बोलपत्र दर्ता गराउनुपर्नेमा तोकिएको अवधिभित्र कुनै पनि बोलपत्र दर्ता नभएको र लिलाम बिक्री हुने दिन २०८१/१०/२० गते दिउँसो २ बजे लिलाम प्रक्रियामा बोल कबोल गराउँदा कसैले पनि बोल कबोल प्रक्रियामा भाग नलिएको हुँदा पञ्चकृत मोल रू. ३५,००,०००।- ( अक्षरेपी पैँतीस लाख रुपैयाँ मात्र ) मा उक्त धितो जग्गा सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. आफैले सकार गरी लिएको र उक्त जग्गा हाल संस्थालाई पुँजी व्यवस्थापन तथा सञ्चालन सहजताका लागि बिक्री गर्नुपर्ने देखिएकाले यो लिलामसम्बन्धी सूचना प्रकाशित गरिएको छ । इच्छुक नेपाली नागरिकहरूले यस लिलाम बिक्रीमा न्यूनत्तम मुल्य रू. ३५,००,०००।- (अक्षरेपी पैँतीस लाख रुपैयाँ मात्र) नघटाई मुल्य राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र गोप्य शिलबन्दी बोलपत्रमार्फत सहभागिता जनाउन सक्नुहुनेछ ।

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| भक्तपुर | चा.न.पा. - झौखेल | हाल २ साबिक ८/छ | ९५८ | ०-४-०-० |

**लिलाम बिक्रीसम्बन्धी सर्तहरूः**

१. सिलबन्दी बोलपत्र फाराम रु. ५००।- (पाँच सय रूपैयाँ) तिरी यस संस्थाबाट प्राप्त गर्न सकिनेछ ।
२. आफूले कबोल गरेको कुल रकमको १० प्रतिशत रकम कुमारी बैङ्क लि. भक्तपुर शाखामा रहेको यस संस्थाको खाता नं. १३५००६७१४७८००००२ मा धरौती जम्मा गरी सक्कल बैङ्क भौचर गोप्य सिलबन्दीमार्फत पेस गर्नुपर्नेछ ।
३. गोप्य सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
४. अन्य सर्तहरू बोलपत्र फाराममा उल्लेख भएबमोजिम हुनेछ ।

।सम्पादकीय।

# सरकारमा पुगेकाहरू पारदर्शी हुनु जरुरी

देशको कार्यकारी पदमा पुगेका प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्तिबारे नेपाली जनताले स्रोत खोज्नु स्वाभाविक हो । नेका, एमाले, तत्कालीन माओवादी, राप्रपा र मधेस आधारित सरकारका प्रधानमन्त्री र मन्त्री सबैको सम्पत्ति सार्वजनिक गरिएन भने गरिएकाको पनि स्रोत सार्वजनिक गरिएन । यतिबेला नेकाका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा साढे ६ महिना सिङ्गापुर र हङकङ बसाइँपछि नेपाल फर्किए । लामो समय विदेश बसेका देउवाको खर्च स्रोतबारे प्रश्न उठिरहेको छ । प्रधानमन्त्री र मन्त्रीहरूको खर्चको स्रोत सार्वजनिक हुनु सुशासनको लागि जरुरी छ । यतिखेर रास्वपाका प्रम र मन्त्रीहरूको सम्पत्तिको स्रोतबारे पनि प्रश्न उठिरहेको छ ।

आफ्नो सम्पत्ति स्रोत लुकाएजस्तै प्रधानमन्त्री र मन्त्रीहरू नेपाली जनताको समस्या पनि लुकाउँछन् । यस वर्ष धान रोप्ने बेला दुई लाख टनभन्दा बढी मल चाहिनेमा सरकारले १ लाख १५ हजार टनमात्र आपूर्ति गर्न सक्यो । चर्को घाममा दिनभरि लाइन लाग्दासमेत किसानले मल पाएनन् । मल अभावले उत्पादन घट्ने चिन्तामा किसानहरू रातमा पनि अनिँदो छन् । रास्वपा सरकार खाना पकाउने ग्यास अभाव नभएको दोहोऱ्याउँछ । तर, ग्यास बिक्रेताहरू जनतालाई ८ सयभन्दा पछाडिको कुपन नम्बर बाँडेर '४-५ दिनपछि फोन गर्नू' भनी तारेख दिन्छन् । ४-५ दिनसम्म जनता कसरी बाँच्ने ? रास्वपा सरकारलाई कसरी थाहा भएन ? २०६३ सालयता नेका, एमाले, तत्कालीन माओवादी, राप्रपा र मधेस आधारित दलको सरकारको बेला प्रधानमन्त्री र मन्त्रीहरूले 'मोहियानी हक' के हो भनी सोधेका थिए । 'मोहीयानी हक' थाहा नपाएका शासकहरू किसानको वेदना बुझेको दाबी गर्छन् । यो हास्यास्पद किन होइन ?

देशका कतिपय जिल्लामा एक चिकित्सकको भरमा अस्पताल सञ्चालित छ । यो सम्भवको विषय होइन तर रास्वपा सरकारलाई यो पनि सम्भव भयो । कतिपय जिल्लामा घरमा सुत्केरी हुने अवस्था यथावत छ । आमा र शिशु दुवैको स्वास्थ्यको लागि घरमा सुत्केरी गराइनु खतरा हो । नेका, एमाले, तत्कालीन माओवादी सरकारको पालामा घरमा सुत्केरी हुनु स्वाभाविक भएको हुँदा रास्वपा सरकारलाई पनि स्वाभाविक भयो । यसले पुराना र नयाँ सरकारमा मौलिक भिन्नता नभएको पुष्टि भयो ।

रास्वपा सरकारका अर्थमन्त्री वाग्ले राज्यको कमजोर आम्दानीको कारण ऋण मागेर देशको दैनिक खर्च चलाउनु परेको र जनताको आकाङ्क्षाको दाँजोमा मुलुकको सामर्थ्य कम भएको दाबी गर्छन् । अर्थमन्त्री वाग्ले एक डेढ वर्षयता रास्वपा हुन् । त्यसअगाडि नेकाको निर्वाचन घोषणापत्र तयारी दलदेखि प्रधानमन्त्री अध्यक्ष भएको राष्ट्रिय योजना आयोगको सदस्य हुँदै उपाध्यक्ष पनि भए । त्यतिबेला पनि वाग्ले सम्मिलित नेकाले यस्तै भाषा बोल्थ्यो ।

नेपालमा बहुदलीय व्यवस्था पुनःस्थापना भएको ३५ वर्ष पुग्यो । यो अवधिमा सबभन्दा लामो समय सरकारमा बसेको पार्टी नेका नै हो । अर्थमन्त्री वाग्लेले यतिखेर ऋण पनि लिन नहुने, कर पनि तिर्न नपर्ने, विकास जसरी पनि चाहिने भनी जनताप्रति आक्रोश पोख्दै छन् । हो, प्रजग कोरिया जनताले कर तिर्न नपर्ने करमुक्त देश हो । त्यहाँ सरकारले जनताको शिक्षा, स्वास्थ्य, आवास निःशुल्क बन्दोबस्त गरेको छ । यसबापत जनता निःस्वार्थपूर्वक देशको लागि रोजगारीमा योगदान गर्छन् । प्रजग कोरियाले कसरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै छ भन्ने विषय नेपालका अर्थमन्त्रीहरू अध्ययन नै गर्दैनन् । विगतका सरकारदेखि ऋण लिएको हुँदा अर्थमन्त्री वाग्ले पनि यतिखेर १२ खर्ब ५० अर्ब राजस्व उठ्ने र १३ खर्ब प्रशासनिक खर्च हुने कमजोर अवस्था भएको दाबी गर्दै छन् । सरकारमा पुग्नुको अर्थ पुरानो गाथा गाउने होइन । संविधानमा उल्लेख 'समाजवादउन्मुख' बन्दोबस्तलाई कार्यान्वयन गरेर देखाउने हो । यति गर्न नसके सरकारबाट निस्कने हो ।

# कठिन समय आउँदै छ भाजपा र मोदीका लागि

✍ वीर संघवी

कहिलेकाहीँ सबैभन्दा ठुलो शक्ति नै तपाईंको सबैभन्दा ठुलो कमजोरी बन्न सक्छ । अहिले भारत सरकारका सन्दर्भसँग यो भनाइ मेल खान्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी वर्तमान सरकारपछाडिका सबैभन्दा ठुला शक्ति हुन् भन्नेमा कसैले प्रश्न गर्दैन । सर्वेक्षणहरूले मोदी आफ्नो सरकारभन्दा बढी लोकप्रिय रहेको देखाउँछन् । मोदीको 'जादु'का कारण भाजपा लगातार तीनपटक लोकसभा चुनाव जित्न सफल भयो । भारत सरकारमा मोदीको प्रभाव कति छ भने सरकारका कार्यक्रमलाई 'मोदीको ग्यारेन्टी' भनिन्छ, सम्पूर्ण सरकारको होइन ।

पार्टी पङ्क्तिमा पनि मोदीप्रतिको सम्मान कम छैन । भाजपा नेताहरू मोदीको प्रशंसा नगरी आफ्नो भाषण वा घोषणा टुङ्ग्याउँदैनन् । हरेक कार्य प्रायः 'हाम्रा प्रिय प्रधानमन्त्रीको नेतृत्वमा' भएको भनिन्छ । मोदी सरकारभित्र राम्रो काम गरेका मन्त्रीले समेत आफ्नो कामको श्रेय प्रधानमन्त्री मोदीको नेतृत्व र दृष्टिकोणलाई दिन्छन् । आलोचकहरू मोदीको यो स्तरको प्रशंसालाई खिल्ली त उडाउँछन् तर उनीहरू पनि मोदीको लोकप्रियताले भाजपाको भोट बढेको अस्वीकार गर्न सक्दैनन् । मोदीले नेतृत्व गरेको चुनावमा भाजपाको लोकप्रिय मतको हिस्सा ३१-३६ प्रतिशतबिच रहेको छ । यो हिस्सा मोदीको भाजपाका लागि सबैभन्दा ठुलो योगदान मानिन्छ । उनीबिना पार्टी सायद यहाँसम्म कहिल्यै पुग्न सक्दैनथ्यो ।

प्रायः शक्तिका हिसाबमा मोदी र इन्दिरा गान्धीको तुलना गरिन्छ । तथापि, हालको उच्च लोकप्रियताको बाबजुद, मोदी कहिल्यै गान्धीजत्तिकै लोकप्रिय बन्न सकेनन् । सन् १९७१ मा, गान्धीलाई काङ्ग्रेसबाट निष्कासित गरेपछि भएको निर्वाचनमा आफ्नो सङ्गठन नहुँदासमेत नवगठित काङ्ग्रेस पार्टीले ४३ प्रतिशत लोकप्रिय मत प्राप्त गऱ्यो ।

एकजना नेताले हरेक सफलताको श्रेय लिन थालेपछि असफलताका लागि पनि सोही नेतालाई दोष दिन थालिन्छ ।

सन् १९८० मा, जब सबैले इन्दिराको राजनीतिक करिअर समाप्त भएको अनुमान गरे, उनले पुनरागमन गरिन् । त्यस वर्ष भएको निर्वाचनमा उनको पार्टीले ४३ प्रतिशत लोकप्रिय मत प्राप्त गऱ्यो । उनको हत्यापछि भएको सन् १९८४ को लोकसभा चुनावमा काङ्ग्रेसले ४८ प्रतिशत लोकप्रिय मत पायो । तर, ठुला चुनावी जीतका बाबजुद एक समय यस्तो आयो, गान्धी यति अलोकप्रिय भइन् कि उनकै पार्टीले उनलाई बोझ ठान्न थाल्यो । सन् १९७४ मा, इन्दिराविरुद्ध उठेको आन्दोलनले यति ठुलो रूप लियो कि उनको नाम नै भ्रष्ट प्रणालीको प्रतीक बन्यो । सन् १९७५ सम्ममा अवस्था यति बिग्रिसकेको थियो कि पार्टीभित्र उनको नेतृत्वमा सरकार रहिरहनु खतरा मान्न थालिएको थियो ।

सायद इन्दिराले आपतकाल लागू नगरी सन् १९७६ को चुनाव स्थगित नगरेको भए, उनले चुनाव हार्ने थिइनन् । तर, चुनाव केही पछाडि सारे पनि उनको अवस्थामा सुधार भएन । एक वर्ष ढिलो भएको सन् १९७७ को चुनावमा उनले सत्ता मात्र गुमाइनन्, आफ्नै क्षेत्रमा हारसमेत व्यहोरिन् । यस समानतालाई मोदीले ख्याल गरेका होलान् । हाले जन्तरमन्तरमा भएको विरोध प्रदर्शनलाई नेपाल र श्रीलङ्काका आन्दोलनसँग तुलना गरियो । तथापि, यो तुलना सही छैन ।

जन्तरमन्तरको प्रदर्शन शान्तिपूर्ण थियो र आन्दोलनको माग सम्पूर्ण प्रणालीको परिवर्तन थिएन । बरु जन्तरमन्तर आन्दोलनलाई सन् १९७४-७५ को भारतको विद्यार्थी आन्दोलनसँग तुलना गर्नु ठीक हुन्छ । सन् १९७० को दशकमा विद्यार्थी आन्दोलन उठ्नुपछाडिका धेरै कारक पूर्ण रूपमा इन्दिरा गान्धीको गल्तीको परिणाम थिएन । सन् १९७३ मा तेलको मूल्यमा भएको ठुलो वृद्धिले विश्वव्यापी अर्थतन्त्रलाई असर गरेको थियो । विश्वभर रेकर्ड मुद्रास्फीति देखिएको थियो ।

तथापि, इन्दिराले सर्वोच्च नेता जसरी देश चलाइरहेकी थिइन्, यसैले उनी प्रदर्शनकारीको प्राथमिक लक्ष्य बनिन् । विद्यार्थी आन्दोलनको सन्देश स्पष्ट थियो : जब तपाईं सबै राम्रोको श्रेय लिनुहुन्छ भने तपाईंले सबै नराम्रो कामको जिम्मेवारी पनि लिनुपर्छ । अर्थात् तपाईं जति ठुलो नेता बन्नुहुन्छ, त्यति नै ठुलो निसाना पनि बन्नुहुन्छ ।

उसो त मोदीले अहिलेसम्म सन् १९७० को दशकको बिचतिर इन्दिरा गान्धीले सामना गर्नुपरेजस्तो अलोकप्रियताको सामना गर्नुपरेको छैन । तर, दुई परिस्थितिमा केही समानता छन् । मोदीले एक अजेय नेताको जुन छवि विकास गरेका थिए, त्यसलाई प्रदर्शनकारीको निडर मनोवृत्ति र खिल्ली उडाउने शैलीले धज्जी उडाइदियो । आन्दोलनपछि बिहारमा भएको भाजपाको हारले यसको सङ्केत गरेको छ । हिन्दीभाषी क्षेत्रमा भाजपा धेरै बलियो मानिन्छ । त्यसमध्ये पनि भाजपाको सबैभन्दा सुरक्षितमध्ये एक मानिएको सीटमा भाजपाको हारले भाजपा र मोदीका लागि आगामी दिन कठिन हुने सङ्केत गर्छ ।

तथापि, मोदी भारतका सबैभन्दा चतुर राजनीतिज्ञमध्ये एक मानिन्छन् । उनले आगामी दिनमा असन्तोष सम्बोधन गर्ने दिशामा कदम चाल्न सक्छन् । मन्त्रिपरिषद् फेरबदलको पनि चर्चा छ । तथापि, मन्त्रिपरिषद्भित्र ठुलो फेरबदल हुँदा पार्टीभित्र गुटगत आक्रोश बढ्ने खतरा हुन्छ । अहिलेको असन्तोष मत्थर पार्न मोदी सफल हुनेछन् या छैनन् भन्ने वास्तविक परीक्षा अर्को वर्ष उत्तर प्रदेशमा हुने विधानसभा चुनावमा हुनेछ । निश्चित रूपमा भाजपाको 'अच्छे (राम्रो) दिन' समाप्त हुँदै छ । तथापि, मोदीलाई कम आकलन गर्नु पनि गल्ती साबित हुन सक्छ ।

– द प्रिन्टबाट

# युवाहरूमा देशभक्तिको भावना आवश्यक

देशमै योग्यताअनुसारको काम र कामअनुसारको ज्याला या स्वदेशमै काम-मामको व्यवस्था नभएपछि युवा र पढेलेखेका विद्यार्थीहरू बिदेसिनु स्वाभाविक हो । देशमै अध्ययन गरेर योग्यता प्राप्त गरेका व्यक्तिहरूलाई काम मामको व्यवस्था गर्नुपर्ने हो । योग्यता र क्षमताभन्दा आफ्नो मान्छे राख्ने कार्यले पनि जनतामा असन्तोष बढेको हो । सरकारको गलत सोच, गलत चिन्तन र गलत निर्णयको कारण देशको ठुलो जनशक्ति आफ्नो श्रम र सीप विदेशी भूमिमा बेच्न बाध्य छ । स्वदेशमै काम-मामको व्यवस्था भयो भने युवाहरू विदेसिँदैनन् या विदेश जान बाध्य हुँदैन । तर, सत्तासीन दलका नेताहरू युवाहरूलाई विदेश जान बाध्य पार्छन् । विगतका सरकारहरूले त युवाहरू विदेश पठाउने नीति नै बनाए । रेमिटेन्सको आधारमा देश चलाउने भनी शासकहरू लागेका थिए ।

अहिले नयाँ सरकार बन्यो । नयाँ सरकारको नतृत्व गरेका दलका नेताहरूले विदेश पसेका युवाहरूलाई स्वदेश फर्काउने वाचा गरेका थिए । संसद्को निर्वाचनमा वाचा गरेका ती नेताहरूले सरकार गठनको चार महिना भए पनि आफ्नो वाचा पूरा गर्न सकेनन् । निर्वाचनताका एकथरी बोल्ने र सरकारमा गएपछि अर्को गर्ने विगतको सरकारको गल्ती यो सरकारले पनि दोहोऱ्याउँदै छ । सत्ताधारी दलका नेताहरू न आफ्नो घोषणापत्रअनुसार काम गर्छन् न त जनतामाझ गरिएको वाचाअनुसार काम गर्छन् । युवाहरूलाई देशमै रोक्ने हो भने उनीहरूको क्षमता, योग्यता, सीप र अनुभवको आधारमा राज्यले काम दिनुपर्छ । काम-मामको व्यवस्था गरिँदैन भने रोकेर मात्रै जनताको समस्या समाधान हुने होइन ।

देशको आवश्यकताअनुसार उद्योग कारखाना खोलेर मजदुर र युवालाई काम दिनुपर्छ । जिल्ला जिल्लामा स्वास्थ्य केन्द्र क्षेत्रीय, जिल्लास्तरीय र केन्द्रस्तरीय विभिन्न अस्पतालहरू सञ्चालन गरेर नर्स, चिकित्सकलाई काम दिनुपर्छ । विज्ञान र प्रविधिको विकास गरेर अध्ययन अनुसन्धान गर्ने, नयाँ नयाँ आविष्कार गरी सोसम्बन्धी जानकार व्यक्तिहरूलाई काम दिएर देशको विकासमा सघाउन जनशक्ति तयार गर्नुपर्छ । विद्यालय र कलेज खोलेर शिक्षक, प्राध्यापकहरूलाई काम दिन सकिन्छ । यसरी नै भूगोलविद्, वातावरणविद्, संस्कृतिविद्, इतिहासकार, माटोविज्ञ, कृषिविज्ञ बनाएर काम दिन सकिन्छ । साहित्यिक प्रतिष्ठान खोलेर कथाकार, कवि, निबन्धकार, समालोचक आदि तयार गरेर विभिन्न साहित्य लेखन, प्रकाशनमा साथ दिएर सघाउन सकिन्छ । जिल्ला-जिल्लामा आवश्यकताअनुसार पुल, बाँध, बाटो बनाएर इन्जिनियर या प्राविधिक तथा स्थानीय जनतालाई काम दिन सकिन्छ । शिशु स्याहार केन्द्र, उद्यान केन्द्र, आदर निकेतन खोलेर महिलाहरूलाई काम मामको बन्दोबस्त गर्न सकिन्छ । कृषकहरूको निम्ति समयमै रासायनिक मल ल्याएर, सिँचाइको व्यवस्था गरेर, नयाँ नयाँ बीउ बिजन ल्याएर, उत्पादन बढाउने, कृषियोग्य भूमि उपयोग गर्ने, बाँझो जग्गा प्रयोग गर्नेतर्फ पनि सरकारको ध्यान जानुपर्छ ।

नेमकिपाले भनेझैँ राज्यले स्थानीय तहमा देशको ५० प्रतिशत बजेट छुट्याएर सन्तुलित विकास गरेको भए देशभरिका जनताले काम पाउने छन्; विकास पनि हुनेछ । स्थानीय जनता विकास कार्यमा सरिक भए आफ्नो अपनत्व सम्झेर जनताले आफ्नै ठाउँ, गाउँ, नगर, वडा संरक्षण पनि गर्नेछन् । काठमाडौँ, पोखरा, विराटनगरजस्ता ठुलठुला सहर मात्र विकास भएर, त्यहाँ मात्रै विकासको केन्द्र बनाएर सन्तुलित विकास हुँदैन; देशभरिका जनताले काम पाउँदैनन् । सस्तोमा कृषि औजार उत्पादन गरेर देशभर सुलभ भएमा कृषकहरूले किन्ने छन् र पशु र मान्छे आफै जोतेर गर्ने काम मेसिनले गर्नेछ । यसबाट थोरै समयमा धेरै काम हुनेछ र कृषकहरूको निम्ति भलो हुनेछ । यसरी नै घडी, मोटरसाइकल, गाडी, ट्याक्टर, उद्योग, कारखानाका औजारहरू मर्मत गर्ने काममा तालिम दिएर युवाहरूलाई रोजगारको व्यवस्था गर्न सकिन्छ । यसले धेरै या थोरै युवाको विदेश पलायन कम हुनेछ । यसको लागि सरकारले उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नुपर्छ । कृषि क्षेत्रमा आधुनिक प्रविधि र वैज्ञानिक शिक्षाको जरूरी हुन्छ । राज्यले रातदिन पसिना बगाएर, गान्होफारो, घाम पानी, हुरी बतास नभनी काम गर्नेहरूलाई अपमान गर्ने, होच्याउने दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ । सबैको समान गर्ने संस्कृतिको विकास गर्नुपर्छ । युवालाई विदेशी भूमिमा श्रम गर्न पठाएर नेपाली भूमि बाँझो राखेर, आमाबुबा, वृद्धवृद्धालाई अप्ठेरो पार्ने काम रोक्नुपर्छ ।

हो, युवाहरूमा देशभक्तिको भावना आवश्यक छ । मातृभूमि र नेपाल आमालाई हामीले भुल्नु हुँदैन । आफ्नो श्रम, सीप, अनुभव, कला र समय आफ्नै देशको निम्ति खर्चिनुपर्छ । आफ्नै देशमा जीवन यापन गर्ने व्यवस्था गर्नुपर्छ । देशको समस्या युवाहरूको मात्र होइन; मजदुर, किसान, उद्यमी, व्यवसायी, प्राविधिक, विद्यार्थी तथा सर्वसाधारण जनताको पनि छ । उनीहरूलाई रोजगारी, उचित पारिश्रमिक, सुरक्षा र सुनिश्चित जीवन बिताउन पाउनुपर्ने काम राज्यले गर्नुपर्छ । राज्यले देश र जनताको यस्तो समस्या एकैपटक हल गर्न सक्दैन । तर, यसको काम थालनी हुनुपर्छ । काम सुरू भएमा ढिलो चाँडो समस्या समाधानमा सहज हुनेछ । यसको श्रेय सरकार या सत्तारूढ दललाई नै जानेछ । तर, हाम्रा सरकारहरू, सत्तारूढ दलका नेता र मन्त्रीहरू श्रमजीवीवर्गको सवालमा चासो राख्दैनन्; उही सामन्त, जमिनदार, पुँजीपति, जालीफटाहा, प्रतिक्रियावादी, अपराधीहरूको हितमा पक्षपोषण गर्न लाग्छन् । जतिसुकै सरकारको नेतृत्व फेरिए पनि देशले निकास नपाउनुको कारण पनि त्यही हो । अनि देश जहिल्यै परनिर्भर नहुनु पनि कसरी !

# तिब्बत : पुराना घटनाहरूको स्मरण

✍ **रोब गोल्यान्ड** (Rob Gowland)

गएको सोमबार 'सिड्नी मर्निङ हेराल्ड' (Sydney Morning Herald) पत्रिकाको प्रथम पृष्ठको मुख्य शीर्षक थियो - 'खुला विद्रोह' (Open Revolt) । यो कुरा अवश्य पनि चीनको विषयमा थियो । सो परिस्थितिको विश्लेषणमा पुँजीवादी सञ्चारमाध्यमहरूको एउटै स्वर थियो - 'तिब्बतका जनता विद्रोह गर्दैछन् र चीनको फलामे साङ्लाको विरुद्ध वीरतापूर्वक लड्दैछन् ।

दक्षिणपन्थी सञ्चारमाध्यम र देशहरूका लागि दुःखलाग्दो कुरा छ । यसले न त पेइचिङ ओलम्पिक खेलकुद रद्द हुने डर छ न त त्यो बहिष्कार नै हुने खतरा । तर पनि बलबुत्ताले भ्याएसम्मको रोकावट ल्याउन ती पुँजीवादी सञ्चारमाध्यमहरू लागिपरेका छन् ।

ती 'स्वतस्फूर्त' (Spontaneous) दङ्गाहरू निश्चित रूपले नियोजित हुन् । दङ्गामा उत्रिएका तिब्बतीहरूले सरकारी कार्यालयहरूमा ढुङ्गामुढा गरेको, पेट्रोल बम प्रहार गरेको र सडकमा चिनियाँ मूलका व्यक्तिहरूलाई कुटपिट गरेको कुरा 'सिड्नी मर्निङ हेराल्ड' पत्रिकाले समेत लुकाउन सकेन । त्यही पत्रिकाका अनुसार ती प्रदर्शनहरू 'टेलिफोन सञ्जाल, भ्वाइस अफ अमेरिका रेडियोको स्थानीय भाषिकाका कार्यक्रम र स्याटेलाइट टीभीमार्फत सञ्चालित' भएको हो ।

ती सबै घटनाहरूले पुराना कुराहरूको स्मरण गराउँछ । यस्ता घटना र अपरेसनहरू हामीले पहिले धेरै पटक देख्यौँ । साँचो कुरा त विशेषगरी संयुक्त राज्य अमेरिका यस्ता कार्यक्रमहरूको सञ्चालन गर्न पोख्त छ ।

त्यस्तै, घटना हामीले पहिलोपटक सन् १९५६ मा हङ्गेरीमा राम्ररी देख्यौँ । त्यो घटनामा स्वतन्त्र युरोप रेडियो (Radio Free Europe) र भ्वाइस अफ अमेरिकाको पूर्णकालीन सहभागितालाई के हामीले सम्झेका छैनौँ र ? 'स्वतन्त्रता सेनानी' हरूले 'विद्रोह' को लोकप्रियतालाई प्रमाणित गर्दै कति सजिलैसित स्थानीय रेडियो स्टेसनहरू कब्जा गरेका थिए, हामीले त्यो पनि सम्झेका छौँ ।

हामीले पछिमात्रै थाहा पायौँ, तिनीहरूले 'मुक्त' गरेका ती 'रेडियो स्टेसनहरू' साँच्चिकै रेडियो स्टेसनहरू नभएर बोकेर हिँड्न मिल्ने (Portable) रेडियो ट्रान्समिटरहरू थिए । ती 'स्वतन्त्रता सेनानी' भैँ ती ट्रान्समिटरहरू पनि पश्चिमी जर्मनीबाट ल्याइएका थिए । ती ट्रान्समिटरहरूको काम अस्तित्वमै नभएका नगरहरू विद्रोहीहरूको हातमा परेको हल्ला विश्वमा फैलाउनु थियो ।

आज हामीलाई थाहा छ - ती सबै घटनाहरू 'काला कारबाही' (Black Ops) अन्तर्गतका कामहरू रहेछन् । संरा अमेरिकाले हटाउन चाहेको सरकारलाई अस्थिर बनाउन र अन्योल पैदा गर्न सञ्चालन गरिने गोप्य जासुसी कारबाहीहरूलाई नै 'Black Ops' भनिन्छ ।

त्यसको १२ वर्षपछि फेरि त्यस्तै घटनाहरू चेकोस्लोभाकियामा घटेको देख्यौँ र १९८९ मा गोर्वाचोभको मद्दतले सोभियत सङ्घमा । वास्तवमा जनमतसङ्ग्रहमा सोभियत जनताले सोभियत सङ्घ विघटन नगर्ने निर्णय दिएका थिए तर महान् प्रजातन्त्रवादी गोर्वाचोभले अन्ततः विघटन गरे । सोभियत सङ्घको विघटनमा मात्रै उनले प्रमुख भूमिका निर्वाह गरेका



**उपद्रव विरोधी प्रदर्शन जुन पुँजीवादी सञ्चार माध्यममा विरलै देखाइन्छ**

होइनन् बरु राष्ट्रिय अर्थतन्त्रको विशाल सम्पत्ति लुट्ने उत्सुक व्यापारीहरूलाई लुट्न दिए । गोर्वाचोभ आफैले भने मस्कोको तत्कालीन 'लेनिन अध्ययन संस्था' हात पारेका थिए तर उनको दुर्भाग्य, त्यो संस्था उनको स्वामित्वमा रहन दिइएन ।

प्रतिक्रान्तिको त्यही कालखण्डमा पूर्वी जर्मनीको सरकार र कम्युनिस्ट पार्टीका नेताहरूको 'विलासीपूर्ण' शिकार निवासहरूमा धावा बोल्न रेडियो स्वतन्त्र युरोप (Radio Free Europe) र भ्वाइस अफ अमेरिका (Voice of America) ले बर्लिनवासीहरूलाई उक्साए । कब्जापछि थाहा भयो, ती निवासहरू निकै साधारण थिए, प्रचार गरेझैँ 'विलासीपूर्ण' थिएनन् । तर, त्यो घटनाले आयोजकहरूको पूर्वी जर्मनीमा अस्थिरता उत्पन्न गर्ने लक्ष्य पूरा भयो ।

यी अस्थिरताका कारबाहीहरूबारे हामीलाई यति जानकारी छ - यसका तरिका र यो फत्ते गर्न चाहिने ठूलो धनराशी र जनशक्तिबारे हामी थाहा पाउन सक्छौँ ।

तर, रेडियोमा "पार्टी नेताहरू विलासपूर्ण जीवन जिउँदैछन्, तिमीहरू आधारभूत आवश्यकताका लागि सङ्घर्षरत छौ" भनेर फुक्दैमा यो काम फत्ते हुँदैन । यसका लागि पूर्ण सङ्गठित समूह कार्य क्षेत्रमा खटाउनुपर्छ । तिनीहरूले सडक प्रदर्शन सुरु गर्ने र अफ त्यसको नेतृत्वसमेत गर्नुपर्छ । यस्ता कार्यहरू सफल पार्ने हो भने निकै नै तालिम प्राप्त उत्तेजना फैलाउने प्रहरीका दलालहरू वा घुसपैठिया (Agent Provocateurs) हरूको व्यापक प्रयोग अत्यावश्यक छ ।

हामीले यो युगोस्लाभियामा देख्यौँ । तालिम प्राप्त र अनुशासित बलिष्ठ युवाहरूले भीडलाई दङ्गातिर दोहोऱ्याए र पछि त्यसैको फलस्वरूप स्लोबोदान मिलोसेभिक र उनको सर्बिया समाजवादी पार्टीको समाजवादी सरकार ढल्यो ।

संरा अमेरिकासँग प्रत्यक्ष युद्धमा नरहेको देशको भूमिमा सरकारविरोधी कारबाहीहरू गर्नमात्रै संरा अमेरिकी सेनासँग पूरै दुई वटा सैन्य कम्पनी छन् ।

अस्थिरता उत्पन्न गर्नु, 'काला प्रचारबाजी' (झूटा प्रचार Black Propoganda), मुद्रा आक्रमण, 'उत्पादन सुरक्षा' को झूटो कुरा फैलाउँदै व्यापार हस्तक्षेप - यी सबै साम्राज्यवादका आधुनिक हतियारहरू हुन् । हालैका दिनमा व्यापक प्रयोग भएको धर्म त साम्राज्यवादको मनपर्दो हतियार नै भयो ।

सावधानीपूर्वक विश्वव्यापी सञ्चारमाध्यमहरूको प्रयोग त्यति सजिलैसित थाहा पाउन सकिन्न किनभने यो सब प्रक्रियामा सञ्चारका मालिकहरूको गोप्य साँठगाँठ हुने गर्छ । उनीहरूको आफ्नै वर्गीय स्वार्थले गर्दा साम्राज्यवादको खेलमा आफ्नो सञ्चारमाध्यमलाई उनीहरू प्रयोग हुन दिन्छन् ।

तर, आफ्ना पत्रकारहरूलाई 'यो यो कुरा भन' भन्ने जस्तो कार्य त्यहाँ हुँदैन । उनीहरूले भाडामा लिने बेलामै यस्ता पत्रकार रोज्छन्, जो स्वतन्त्र रूपमा सोच्न सक्दैनन् वा पहिले नै दक्षिणपन्थी विचारका छन् - यस्ता पत्रकार जसले राजनैतिकरूपले 'सही' कुरा भन्छ भनेर विश्वास गर्न सकियोस् ।

यसैले तिब्बतको प्रश्नप्रति हामी विश्वभर एउटै चित्रण पाउँछौँ - चीनको हमला, चिनियाँ अधिनायकवाद र आफ्नो मुलुकको रक्षार्थ दलाई लामाको नेतृत्वमा लडिरहेका तिब्बती बौद्ध भिक्षुहरू ।

तर, एउटा कुरा भुल्न कदापि हुन्न - दलाई लामा सत्तामा हुँदाको तिब्बत अर्ध-दास र अर्ध-सामन्ती समाज थियो । तिब्बतमा कुनै पनि किसिमको शिक्षा पाउन भिक्षु नै हुनु एकमात्र उपाय थियो ।

केही वर्षअघि महिलासम्बन्धी संयुक्त राष्ट्रसङ्घको सम्मेलन पेइचिङमा हुँदा सम्मेलनस्थल बाहिर तिब्बती महिलाहरूले गरेको चीनविरोधी प्रदर्शनलाई पश्चिमी सञ्चारले बडो हल्लाखल्लासहित प्रस्तुत गऱ्यो । सोही सम्मेलनमा अरु तिब्बती महिलाहरूले नै चीनको समर्थनमा गरेको अर्को प्रदर्शनलाई ती सञ्चारमाध्यमले बेवास्ता गरे पनि लुकाउन भने सकेनन् । त्यसैले उनीहरूले त्यो पूरै विषयलाई नै प्रसारण गरेनन् ।

अहिले तिब्बतका बारे आइरहेका सबै समाचारहरूमा चीन समर्थक एकजना पनि तिब्बतीसँग अन्तर्वार्ता लिइएको छैन । तर, चीनविरोधी हरेक 'शरणार्थी' ले आफ्नो कुरा विश्वव्यापी सञ्चारमाध्यमसम्म सजिलै पुऱ्याइरहेका छन् ।

हो, यी सबै त्यही योजनाबद्ध तारतम्यका भाग हुन् ।

***[Tibet : a strong sense of deja vu–The guardian, Australian Communist Weekly/The New Worker, 11 April, 2008]***

# दलाई लामाका झूटहरू

'शान्ति' र 'अहिंसा' सम्बन्धी आफ्ना कुराहरू झूटबाहेक केही नभएको आफ्नै कर्तुतहरूबाट पुष्टि गरेका दलाई लामाको चीनले निन्दा गरेको छ ।




हालैका आफ्ना वक्तव्यहरूमा दलाई लामाले आफूले 'मध्यमार्ग' परित्याग नगर्ने र तिब्बतको पूर्ण स्वतन्त्रताको माग आफ्नो नरहेको बताएको बारे टिप्पणी गर्न आग्रह गर्दा चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता च्याङ यु (Jiang Yu) ले सो कुरा बताएकी हुन् । सो कुरा गएको २६ चैतको दिन नियमित प्रेस सम्मेलनमा भएको थियो ।

च्याङका अनुसार दलाई लामा धर्म र राजनीतिलाई समाहित गर्ने पुरानो तिब्बतको दास व्यवस्थाका मुख्य नायक हुन् । प्रजातन्त्र, स्वतन्त्रता र मानवीय हक अधिकारविहीन सो दास व्यवस्था मानव इतिहासकै अँध्यारो व्यवस्था भएको भन्दै च्याङले सो व्यवस्थामा दास मालिकहरूले मात्रै विशेष सुविधा पाउने गरेको बताइन् ।

दलाई लामाले अघि सारेको 'मध्यमार्ग' भनेको आफ्नो त्यही 'पुरानो स्वर्ग' स्थापना गर्नेतिर लक्षित भएको र यसो भएमा अहिले स्वतन्त्र भइसकेका दसौँ लाख दासहरू अँध्यारो पिँजडामा फर्काइनेछन् - च्याङले थपिन् ।

"यस्तो 'मध्यमार्ग' कसले स्वीकार्न सक्छ र ?" च्याङको प्रश्न थियो ।

ल्हासाका दङ्गामा आफ्नो हात नभएको दलाई लामाको दाबीप्रति च्याङले दलाई लामा सधैँ झूटको सहारा लिँदै आएको भन्दै उनले के बताएभन्दा पनि के गरे त्यो चाहिँ चर्चायोग्य भएको बताइन् । तिनले भनिन्, "हालका दिनहरूमा दलाई लामाले गरेका कामहरू भनेको ल्हासामा दङ्गा भड्काउने र योजना बनाउने कार्यहरू हुन् ।"

दलाई लामाको आफ्नै कर्तुतले उनका 'शान्ति' र 'अहिंसा' का कुराहरू जनता झुक्याउने झूट रहेको पुष्टि गरेको च्याङको भनाइ थियो ।

दलाई लामाप्रति केन्द्रीय सरकारको नीति उही रहेको र दलाई लामाको तर्फबाट सम्पर्कको लागि केन्द्र सरकार धैर्यतापूर्वक प्रतिक्षारत रहेको तिनले थपिन् ।

"दलाई लामासँग वार्ताका लागि हाम्रो ढोका पहिले पनि खुला थियो र अहिले पनि खुला छ । हामी अहिले पनि उनीसँग सम्पर्क र छलफल गर्न तयार छौँ," च्याङले भनिन् । तर, यसका लागि दलाई लामाले आफ्ना विचार बदल्न्, पृथकतावादी कार्यहरू रोक्नु र पेइचिङ ओलम्पिक खेलकुदलाई बिगार्ने र हिंसा उत्पन्न गर्ने कार्य बन्द गर्नु आवश्यक रहेको तिनको भनाइ थियो ।



**बुस र दलाई लामा कुराकानी गर्दै**

***[The Dalai Lamas lies–Xinhua News Agency/The New Worker, 11 April, 2008]***

***स्रोत : तिब्बत उपद्रव र यथार्थ***



पाकिस्तानको सांस्कृतिक राजधानी लाहोरमा पाकिस्तानको स्वधीनता दिवस (अगस्ट १४) को अवसरमा निकालिएको र्‍यालीमा सहभागी महिला सैनिक तथा महिला र बालिकाहरू अगस्ट १४, २०२६ को दिन । पाकिस्तान १४ अगस्ट १९४७ मा ब्रिटिश इन्डियाबाट स्वाधीन भएको थियो ।

*तस्बिर : आरिफ अलि/एएफपी*

# प्रजग कोरियाले दियो 'नयाँ प्रतिरोध' को चेतावनी

प्योङ्याङ, २९ साउन (केसीएनए) । अमेरिका र दक्षिण कोरियाले आगामी संयुक्त सैन्य अभ्यासमा रुस-युक्रेन युद्धबाट प्रजग कोरियाली सेनाले हासिल गरेको आधुनिक युद्ध अनुभवलाई समेत ध्यानमा राखेर तयारी गरिरहेका बेला प्योङयाङले त्यसको जवाफमा 'नयाँ स्तरको प्रतिरोध' अपनाउने चेतावनी दिएको छ ।

सोमबारदेखि सुरु हुने ११ दिने 'उल्ची फ्रिडम सिल्ड' अभ्यास अमेरिका र दक्षिण कोरियाले हरेक वर्ष गर्दै आएका सैन्य अभ्यासमध्ये एक हो । प्योङयाङले भने यस्ता अभ्यासलाई लामो समयदेखि आफूविरुद्ध हुने आक्रमणको पूर्वाभ्यास भन्दै विरोध गर्दै आएको छ ।

यसै क्रममा प्रजग कोरियाले यसै साता जापानको सागरमा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको थियो । उक्त परीक्षणलाई आगामी संयुक्त सैन्य अभ्यासप्रतिको जवाफको सङ्केतका रूपमा हेरिएको छ ।

यस वर्षको अभ्यासमा अमेरिकी र दक्षिण कोरियाली सेनालाई ड्रोन, साइबर आक्रमण र जीपीएस जामिङलगायत आधुनिक युद्धमा प्रयोग हुने क्षमतासँग सम्बन्धित प्रशिक्षणलाई विशेष महत्त्व दिइएको छ । रुस-युक्रेन युद्धमा प्रजग कोरियाली सैनिकको तैनाथीबाट प्राप्त युद्ध अनुभवलाई समेत ध्यानमा राखेर दक्षिण कोरिया र अमेरिकी सेनालाई सम्भावित नयाँ खतरासँग जुध्न सक्षम बनाउने उद्देश्यले अभ्यास सञ्चालन गर्न लागिएको दावी गरिएको छ ।

प्रजग कोरियाको विदेश मन्त्रालयका प्रवक्ताले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा अमेरिकाले आगामी अभ्यास विगत पाँच वर्षका अभ्यासभन्दा निकै फरक हुने र आधुनिक युद्धका नयाँ पक्षका आधारमा युद्ध क्षमतामा दक्षता हासिल गर्ने उद्देश्य राखेको जनाएको उल्लेख छ ।

कोरियन सेन्ट्रल न्युज एजेन्सी ( केसीएनए) ले प्रकाशित गरेको विज्ञप्तिमा भनिएको छ, "नयाँ स्तरको खतरालाई नयाँ स्तरको प्रतिरोधमार्फत जवाफ दिनु सुरक्षा सुनिश्चित गर्ने हाम्रो सुसङ्गत सिद्धान्त हो ।"

प्रजग कोरियाली विदेश मन्त्रालयले अमेरिका-दक्षिण कोरियाको सैन्य अभ्यास युरोप, मध्यपूर्व र विश्वका अन्य क्षेत्रमा सैन्य तथा राजनीतिक अवस्था दिनप्रतिदिन गम्भीर बन्दै गएको समयमा हुन लागेको जनाएको छ ।

'उल्ची फ्रिडम सिल्ड' अभ्यासमा करिब १८ हजार दक्षिण कोरियाली सैनिक तथा दक्षिण कोरियामा तैनाथ २८ हजार ५०० अमेरिकी सैनिक सहभागी हुने बताइएको छ । अभ्यासले वास्तविक युद्धको अवस्थामा आवश्यक पर्ने संयुक्त सैन्य तयारी र कमान्ड क्षमताको परीक्षण गर्ने अपेक्षा गरिएको छ ।

# चीनद्वारा न्युजिल्यान्डको जासुसी आरोपको खण्डन

वेलिङ्टन, २९ साउन (एएफपी) । न्युजिल्यान्डको जासुसी निकायले चीनले आफ्नो भूमिमा व्यापक जासुसी गतिविधि सञ्चालन गरिरहेको आरोप लगाएपछि चीनले त्यसलाई आधारहीन भन्दै कडा आपत्ति जनाएको छ । वेलिङ्टनस्थित चिनियाँ दूतावासले शुक्रबार न्युजिल्यान्डको आरोप चीन-न्युजिल्यान्ड सम्बन्धलाई कमजोर बनाउने प्रयास भएको बताएको छ ।

न्युजिल्यान्ड सुरक्षा गुप्तचर सेवाले यसै साता सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा चीनले न्युजिल्यान्डविरुद्ध 'व्यापक रूपमा' जासुसी गतिविधि सञ्चालन गरिरहेको चेतावनी दिएको थियो । प्रतिवेदनले चिनियाँ जासुसले व्यावसायिक सञ्जालका माध्यमबाट राज्यका गोप्य सूचनामा पहुँच भएका न्युजिल्यान्डका नागरिकलाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेको समेत जनाएको थियो ।

जवाफमा चिनियाँ दूतावासका प्रवक्ताले जासुसी निकाय चीनविरुद्ध 'आरोप र निन्दाको लहर' चलाउने अभियानको हिस्सा बनेको आरोप लगाउनुभएको छ । उहाँले चीनविरुद्ध लगाइएका आरोपले सामान्य आदानप्रदान र सहयोगलाई जासुसी वा हस्तक्षेपका रूपमा चित्रण गरेको तथा कतिपय आरोप पूर्ण रूपमा आधारहीन रहेको बताउनुभयो ।

चिनियाँ दूतावासले न्युजिल्यान्डभित्र तथा बाहिर रहेका केही शक्तिले चीन-न्युजिल्यान्ड सम्बन्ध राम्रो दिशामा अघि बढेको देख्न नचाहेकोसमेत आरोप लगाएको छ ।

यो प्रतिक्रिया न्युजिल्यान्डका विदेशमन्त्री विन्स्टन पिटर्सले चिनियाँ मूलका एक सांसदलाई आफ्नो देश फर्किन आग्रह गरेको विषयमा चीनले औपचारिक विरोध जनाएको केही सातापछि आएको हो । दूतावासले शुक्रबार न्युजिल्यान्डका केही अज्ञात समूह तथा व्यक्तिले चीनविरोधी शक्तिका लागि 'चीनविरोधी शक्तिलाई सहयोग गरिरहेको' आरोपसमेत लगाएको छ ।

न्युजिल्यान्डको जासुसी निकायले चीनसँग सम्बन्धित अर्को गतिविधिबारे पनि चेतावनी दिएको छ । उसका अनुसार चिनियाँ सेनासँग सम्बन्धित पर्पल माउन्टेन वेधशालाले न्युजिल्यान्डमा गोप्य रूपमा भू-आधारित अन्तरिक्ष पूर्वाधार स्थापना गर्ने प्रयास गरेको थियो ।

जासुसी निकायका अनुसार उक्त परियोजनामा संलग्न न्युजिल्यान्डको एक स्थानीय कम्पनीलाई नाम नखुलाइए पनि त्यसबाट सैन्य महत्त्वका सूचना सङ्कलन गर्न सकिने सम्भावनाबारे जानकारी नभएको हुन सक्ने बताइएको छ ।

प्रतिवेदनले पर्पल माउन्टेन वेधशालाले न्युजिल्यान्डमा आफ्नै भू-आधारित अन्तरिक्ष पूर्वाधार स्थापना गर्न खोजेको यो पहिलो घटना नभएको र भविष्यमा पनि त्यस्तो प्रयास हुन सक्ने चेतावनी दिएको छ ।

चीन र न्युजिल्यान्डबिच व्यापार तथा अन्य क्षेत्रमा सहकार्य रहँदै आए पनि पछिल्लो समय सुरक्षा र सम्भावित विदेशी हस्तक्षेपका विषयमा दुवै देशबिच मतभेद बढ्दै गएको देखिएको छ ।

## विश्व सङ्क्षेप

### विषाक्त खानाबाट इन्डोनेसियामा २६९ विद्यार्थी बिरामी

जकार्ता, २९ साउन (सिन्ह्वा) । इन्डोनेसियाको उत्तरी सुमात्रा प्रान्तमा खाना खाएपछि बिरामी परेका कम्तीमा २६९ विद्यार्थीलाई अस्पताल भर्ना गरिएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार कारो रिजेन्सीका पाँच विद्यालयका विद्यार्थीमा बिहीबारदेखि खाना विषाक्तताका लक्षण देखिएपछि उनीहरूलाई उपचारका लागि अस्पताल लगिएको हो ।

बिरामी विद्यार्थीमा वाकवाकी लाग्ने, बान्ता हुने, छालामा एलर्जी देखिने तथा केहीलाई सास फेर्नसमेत गाह्रो हुने समस्या देखिएको छ । उनीहरूलाई स्थानीय अस्पतालमा उपचारका लागि भर्ना गरिएको अधिकारीहरूले बताएका छन् ।

स्थानीय शिक्षा अधिकारी जुल्करनैन बारुसले विद्यार्थीले खाएको माछाको तरकारीमा समस्या भएको आशङ्का गरिएको बताउनुभयो । उक्त खाना आपूर्ति गर्ने भान्साबाट नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षणका लागि पठाइएको उहाँले जानकारी दिनुभयो ।

बारुसले अस्पताल भर्ना भएका सबै विद्यार्थीको अवस्था अहिले स्थिर रहेको पुष्टि गर्नुभयो । घटनाबारे सम्बन्धित निकायले थप अनुसन्धान गरिरहेको छ ।

### भारतमा सुरुङ दुर्घटना, सातको मृत्यु

नयाँदिल्ली, २९ साउन (एएफपी) । भारतको हिमाली राज्य उत्तराखण्डमा निर्माणाधीन सुरुङमा पानी र भग्नावशेषसहित पहिरो खस्दा कम्तीमा सात जना कामदारको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । बिहीबार राति भएको दुर्घटनापछि तीन जना अझै बेपत्ता रहेको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

राज्यद्वारा सञ्चालित जलविद्युत् परियोजनाका लागि सुरुङ निर्माण भइरहेको स्थानमा दुर्घटना भएको हो । राज्य विपद् व्यवस्थापन प्राधिकरणका अनुसार टिहरी जलविद्युत् निगमको निर्माणस्थलबाट १९ जना कामदारलाई उद्धार गरिएको छ । घाइते १३ जनाको उपचार भइरहेको जनाइएको छ ।

स्थानीय अधिकारीहरूले सार्वजनिक गरेको दृश्यमा उद्धारकर्मीहरूले टाउकोमा बत्ती जडान गरेका अस्थायी डुङ्गा प्रयोग गरेर पानी भरिएको सुरुङ क्षेत्रमा पुगेर खोजी तथा उद्धार गरिरहेको देखिएको छ । बेपत्ता कामदारको खोजी जारी रहेको छ ।

उत्तराखण्डमा पछिल्ला दिनमा परेको भारी मनसुनी वर्षाका कारण बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का घटना बढेका छन् । हिमाली भूभागमा लगातारको वर्षाले सडक, बस्ती र निर्माणस्थलमा जोखिम थपिएको अधिकारीहरूले बताएका छन् ।

भारतका ठुला निर्माणस्थलमा दुर्घटना हुने गरेका छन् । तर वातावरणविद्हरूले कमजोर हिमाली भूभागमा अत्यधिक र अव्यवस्थित विकास परियोजना सञ्चालन गर्दा प्राकृतिक विपद्को जोखिम झन् बढिरहेको चेतावनी दिँदै आएका छन् ।

गत महिना दुर्गम उत्तरपूर्वी राज्य सिक्किममा राज्यद्वारा सञ्चालित अर्को जलविद्युत् परियोजनाको सुरुङ निर्माणका क्रममा २० जना कामदारको मृत्यु भएको थियो । त्यसअघि सन् २०२३ मा उत्तराखण्डकै निर्माणाधीन सुरुङमा पहिरो खस्दा ४१ जना कामदार १७ दिनसम्म सुरुङभित्र फसेका थिए । उनीहरूलाई लामो उद्धार अभियानपछि सुरक्षित निकालिएको थियो ।

भारतमा जुनमा वार्षिक मनसुन सुरु भएयता बाढी र पहिरोका कारण देशभर सयौँ मानिसको मृत्यु भइसकेको छ । विज्ञहरूले अव्यवस्थित विकाससँगै जलवायु परिवर्तनका कारण यस्ता विपद्को आवृत्ति, तीव्रता र प्रभाव बढिरहेको बताएका छन् ।

# जापानमा भारी वर्षा, चारको मृत्यु

टोकियो, २९ साउन (एएफपी) । पूर्वी जापानमा अभूतपूर्व भारी वर्षापछि बाढी र पहिरोका कारण कम्तीमा चार जनाको मृत्यु भएको छ भने हजारौँ यात्रु नरिता विमानस्थलमा रातभर अलपत्र परेका छन् । सडक तथा रेल सेवा अवरुद्ध भएपछि जनजीवन प्रभावित भएको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

बिहीबार साँझदेखि परेको अत्यधिक वर्षाका कारण चिबा प्रान्तका विभिन्न क्षेत्रमा बाढी र पहिरोको जोखिम बढेको थियो । जापान मौसम विज्ञान एजेन्सीले पहिलोपटक चिबाका लागि उच्चस्तरीय भारी वर्षाको चेतावनी जारी गरेको थियो । मौसम अधिकारीहरूले वर्षा 'अभूतपूर्व स्तरमा पुगिरहेको' बताएका थिए ।

चिबा प्रान्तको विपद् व्यवस्थापन कार्यालयका अनुसार मृत्यु हुनेमा बाढीले भरिएको सडकमा फेला परेका ६० वा ७० वर्षका एक पुरुष तथा डुबानमा परेको कारभित्र फसेकी ६६ वर्षीया महिला छन् । सडकमा मृत अवस्थामा फेला परेका अर्का व्यक्तिको उमेर खुलेको छैन । चौथो मृतकको उमेर र लिङ्गसमेत खुल्न सकेको छैन । थप दुई जनाको मृत्यु भएको आशङ्का गरिएको छ ।

शुक्रबार बिहानसम्म चिबा प्रान्तका करिब २६ हजार घरपरिवार विद्युत्विहीन भएका थिए । इचिकावा, काशीवा र सकुरालगायत सहरमा ४५ घर पूर्ण रूपमा बाढीमा डुबेका छन् भने अन्य ३९ घरको भुइँ मुनिसम्म पानी पसेको विपद् व्यवस्थापन कार्यालयले जनाएको छ ।

भारी वर्षाको सबैभन्दा ठुलो प्रभाव नरिता विमानस्थलमा देखिएको छ । टोकियोलाई सेवा दिने प्रमुख विमानस्थलमध्ये एक नरितामा करिब छ हजार यात्रु रातभर अलपत्र परेका थिए । चिबा विपद् व्यवस्थापन कार्यालयका अनुसार शुक्रबार दिउँसोसम्म विमानस्थलबाट आउने-जाने धेरै विमान सेवा रद्द भएका थिए ।

विमानस्थलमा अलपत्र यात्रुलाई कर्मचारीले नि:शुल्क पानी, खाना र सुत्ने झोला उपलब्ध गराएको यात्रुहरूले सामाजिक सञ्जालमार्फत बताएका छन् । एक यात्रुले जापानको सार्वजनिक प्रसारक एनएचकेसँग आफूले विमानस्थलमै रात बिताउनुपर्ने कल्पना नगरेको बताउँदै यो अनुभव कहिल्यै नबिर्सने बताएका थिए ।

रेल सेवा अवरुद्ध भएपछि चिबा स्टेसनमा समेत सयौँ यात्रु अलपत्र परेका थिए । एएफपीका पत्रकारका अनुसार उनीहरू लामो समयसम्म स्टेसनमै रोकिएका थिए । काशीवा सहरमा बाढीको पानीले गाडीको अगाडिको बत्तीको स्तरसम्म सडक डुबाएको थियो । एनएचकेका अनुसार सयौँ मानिसले चिबाका विभिन्न आश्रयस्थलमा रात बिताएका थिए ।

इचिकावा सहरकी एक महिलाले अचानक आएको बाढीले आफूहरूलाई स्तब्ध बनाएको र विद्युत् आपूर्ति बन्द भएपछि आगामी दुई दिनमा आफ्नो व्यवसाय सञ्चालन गर्न सकिने हो कि होइन भन्ने चिन्ता रहेको बताइन् ।

अत्यधिक वर्षाका कारण जारी गरिएको पाँचौँ तहको उच्च जोखिम चेतावनी शुक्रबार बिहानसम्म चौथो तहमा झारिएको छ । पाँचौँ तहलाई जीवन जोगाउन तत्काल कदम चाल्नुपर्ने अवस्थाको उच्चतम चेतावनी मानिन्छ ।

जापानमा पछिल्लो घटनाले अत्यधिक वर्षा र जलवायु परिवर्तनबिचको सम्बन्धबारे चिन्ता पुन: बढाएको छ । वैज्ञानिकहरूका अनुसार मानव गतिविधिबाट भइरहेको जलवायु परिवर्तनले विश्वभर चरम मौसमका घटना अझ बढी, लामो समयसम्म र तीव्र रूपमा हुने जोखिम बढाइरहेको छ ।

# दर्शकको मन जित्न सफल ख्याल छेरावती द्यः

✍ एक दर्शक

नाट्यकर्मी समाज नेपालले साउन ९-१९ गतेसम्म, १० दिन प्रसिद्ध हास्यव्यङ्ग्य कलाकार एवं साहित्यकार रामशेखर नकर्मीको ख्याल आस्था सांस्कृतिक केन्द्रको हलमा मञ्चन गऱ्यो । 'खेल खत्तम' भक्तपुर साकोस, 'छेरावती द्यः' ख्वप कलेज, '१२ बजे' स्टार वाचनालय, 'खुँयाता ज्वँ ज्वँ' बहुरङ्गी रङ्गकर्मी समूह, 'तन्त्र ट्याबलेट' (नेपाली भाषामा) बाल विकास ई. स्कूल, 'खुँ' प्रभात मा.वि., 'तन्त्र ट्याबलेट' श्रमिक साकोस, टुरिस्ट गाइड नेक्राविसङ्घ भनपा - १ 'अस्पतालया जा' सहिद निर्मल पुष्प स्मृति वाचनालय र 'रानी पुखु' जैंला सांस्कृतिक समाजले नाटक मञ्चन गरेका थिए । सबै ख्याल राम्रा छन् भन्ने कुरा दर्शकहरूको प्रतिक्रिया र सहभागिताले पनि प्रस्ट पारेको छ । जनताको अनुरोध र भक्तपुर नगरपालिका वडा नं. ९ को पहलमा 'छेरावती द्यः' ख्याल साउन २३ गते शनिबार पुनः मञ्चन भयो । मैले पनि त्यो ख्याल हेर्ने अवसर पाएँ । दिउँसो ३ बजेको ख्याल हेर्न गएँ । दर्शक भरिभराउ भएर हेर्न पाइनँ । ५ बजेको मञ्चनमा जसरी पनि हेर्नुपर्छ भनेर ४ बजे नै गएर बसिराखेँ । यो मञ्चनमा पनि दर्शकहरू भरिभराउ थिए ।

कलाकारहरू सबै एकसेएक छन् भन्दा फरक नपर्ला । नाटकले नगरवासीको सरसफाइ, रोग र नागरिक भावना, चेतनाको कमी र नगरपालिकाको बेलैमा कर्तव्य पालन गर्न नसकिएको अवस्था तथा सरकार, नेता, दललाई पनि व्यङ्ग्य गरेको पाइन्छ । जनअदालतको दृश्य छ । सारसज्जा राम्रो छ । नाटकका मुख्य पात्रहरूमा छेरावती द्यः को रूपमा राज प्रजापति, न्यायाधीश सनम फैजु, सृष्टि बाग, दीना जाकिबञ्जार, बसिल त्वायना, सतिस मुस्याख्व देखिन्छ भने अरु सहायक पात्रहरूका रूपमा रहेका छन् ।

'छेरावती' द्यः ख्यालमा जन अदालतका न्यायाधीश जज साहेब नाच्दै मञ्च प्रवेशबाट सुरु हुन्छ । एकछिनपछि द्वारपालको प्रवेश हुन्छ । जज साहेबले द्वारपाललाई छेरावती द्यः नयवासीलाई कठघरामा उभ्याउन बोलाउँछ । द्वारपालले नयवासीलाई रातो कपडाले बेरेको स्वस्थानीको पुस्तकमाथि हात राख्न लगाएर 'म सबै कुरा साँचो बोल्छु, झूट कुरा आधी अक्षर पनि बोल्दिनँ, यदि असत्य कुरा बोल्यो भने यही कठघरामा भस्म होस् भनी' कबुल गर्छ । तिमी कसरी छेरावती द्यः अर्थात् ल्हुछी चाको घर अगाडि गएर किन दिसा बसेको ? भनी जज साहेबले सोध्छ । उनले आफ्नो कथा व्यथा यसरी अभिनय कला देखाएर दर्शकलाई हसाउँदै कठघराबाट निस्केर सविस्तार बताउँछन् । जज साहेब, मैले जानी जानी त्यसरी ल्हुछीचाको घरअगाडि दिसा बसेको धरोधर्म होइन । म काम विशेषले जाँदै थिएँ । जाँदाजाँदै बिच बाटोमा पेट दुख्न थाल्यो र दिसा बस्न हतार भयो ।

दिसाले च्यापिएर मिनिबस पार्कको शौचालय गएँ । त्यहाँ मान्छेको नागरिक भावना, सांस्कृतिक स्तर नभएर पनि होला, निकास बन्द छ । शौचालय नै फोहर घीनलाग्दो, असाध्यै दुर्गन्धित छ । त्यो देखेपछि त्यही पछाडिबाट होइन माथि मुखबाटै बान्ता होला जस्तो भयो । जबरजस्ती सहेँ, बचेर फर्कें । व्यथाले च्याप्दै लग्यो । जबरजस्ती रोकेर एउटा घरभित्र ट्वाइलेटमा दिसा बस्न पसेँ । तुरुन्तै घरको मालिकले चाल पाएर यो तेरो बौको शौचालय हो ? कि तेरो पैसा खर्च गरेर बनाएको यो शौचालय हो भनेर कठालो समातेर मलाई हुत्याइदिए । त्यसपछि लास्टै गाऱ्हो भयो । अझै पनि रोकेर खुट्टा खोच्याङ खोच्याङ, स्यूँ स्यूँ गर्दै शौचालय खोज्दै हिँडेँ । हिँड्दा हिँड्दै अलिकति पाइन्टमा लागिहाल्यो । अति भएर सहन नसकेपछि मलाई त्यो घर पुरानो वासी मासु झिँगा बसेको खाना खाँदा छेरावती द्यः भएर स्वर्गवास भएको थियो । त्यसैले, उनी विधुवा भइन् । ल्हुछीचाले पनि भनिन्, "त्यो त्यहीँ छेरावती द्यः नयवासीले मेरो घरअगाडि



ल्हुछीचाको हो भनेर के थाहा त्यसको घर अगाडि लुगाले टाउको मुख छोपेर दिसा बसेँ । जज साहेब !"

पुनः जज साहेबले सोधिन्, "अनि ल्हुछीचाको घरअगाडि दिसा बस्न केले बाध्य पाऱ्यो ? कारक के हो ?"

छेरावती द्यः नयवासीले जवाफ दिन्छन्, "जज साहेब, कामदार हुँ घर बस्न पाइँदैन । काम गरेर हातमुख जोड्नुपर्छ, परिवार पाल्नुपर्छ; त्यसको लागि बल चाहिन्छ । शरीर बलियो बनाउनुपर्छ । त्यसैले, त्यहाँ बजारमा मासु बेच्ने पानवती मैयाँसँग मासु लगेर खाने गर्छु । सायद त्यही मासु बासी पऱ्यो होला । यसको कारण म छेरावती द्यः भएको हुँ जज साहेब ।"

ल्हुछीचाको श्रीमान् पनि त्यस्तै दिसा बसेकै कारण त्यसमा बसेको झिँगा आफ्नो श्रीमान्ले खाँदै गरेको थालमा बसेकोले मेरो श्रीमान् बित्यो जज साहेब । त्यसैले, उसलाई कारबाही गरी पाऊँ । यस्तो जवानीमा म एक्लै कहाँ बस्न सक्छु र ! मलाई उहाँजस्तै अर्को श्रीमान् क्षतिपूर्ति स्वरूप पाउनुपर्छ ।"

मेयर साहेब, छेरावती द्यः नयवासीले आफूहरू ल्हुछीचाको मागबमोजिम क्षतिपूर्तिस्वरूप उसको लोग्ने हुन जानुपऱ्यो भने त घरकी गृहमन्त्रीले बाँकी राख्दैन । त्यस्तै, मासु बेच्ने पानवती मैयाँले पनि उनलाई आफ्नो लोग्ने क्षतिपूर्ति दिनुपऱ्यो भने म यस्ती जवानी तरुनी एक्लै कसरी बस्न सक्छु र भनेर बेचैन हुन्छिन् । उनीहरूको अभिनय देखेर दर्शकहरू पेट मिचीमिची हाँस्छन् ।

छेरावती द्यः नयवासीको आफू छेरावती द्यः भएको कारण बासी मासु बेच्ने साहुनी पानवती मैयाँलाई आरोप लागेपछि द्वारपालले उनलाई कठघरामा उभ्याउँछ । उनलाई द्वारपालले स्वस्थानीको पुस्तक छुवाएर वाचा गर्न लगाउँछ । पानवती मैयाँले म ठिमीकी छोरी हुँ । अब कर्मले यहाँ भक्तपुरको त्यस्तै परिवारसँग विवाह भयो भन्दै करिब ठ्याक्कै मासु बेच्ने साहुनीकै बोली भाषामा "म सबै साँचो मात्र बोल्छु, झूट आधी अक्षर पनि बोल्दिनँ" भनेर वाचा गर्छिन् । उनी मासु बेच्ने साहुनीको जस्तै भाषा बोलेर अभिनय गर्न सक्नु राम्रो र सफल कलाकारको परिचय हो । छेरावती द्यः नयवासीले पानवती मैयाँको जवानी रूपसँग मोहित भएर हिरोइनको बासी मासु खाँदा आफू छेरावती द्यः भएको स्वीकार्छन् । यहाँ हिरोइनको अर्थ भैँसी हो भने हिरोको अर्थ राँगो बुझिन्छ । यो उनीहरूको व्यापारी भाषा हो । उनले पानवती मैयाँसँग सधैँजसो मोहित मुख हुँदै हिरोनीको बासी मासु लगेर खाने गर्थे । शौचालयको निकास बन्द हुनु, फोहोर हुनु, दुर्गन्ध फैलिनु र झिँगा फैलिनुमा सफाइ गर्ने जिम्मा पाएको नगरपालिका पनि दोषी हो भन्ने आरोप लागेपछि जज साहेबले मेयरलाई पनि कठघरामा उभ्याउँछ ।

मेयर साहेबलाई पनि कठघरामा उभ्याएर स्वस्थानी छुवाएर वाचा गराएपछि तपाईंमाथि लागेको आरोपमा के भन्नुहुन्छ भनी जज साहेबले अनुरोध गर्छिन् । मेयर साहेबले आफ्नो भनाइ अगाडि राख्छन्, जज साहेब ! निश्चय पनि नगरको सार्वजनिक शौचालयको निकास खोल्नु, सफा गर्नु नगरपालिकाको कर्तव्य हो । जनता सचेत र शिक्षित नभएसम्म नपा एक्लैले सम्भव हुँदैन । नगरवासीले पनि सार्वजनिक सम्पत्तिको माया गरे, उचित प्रयोग र सरसफाइ गरेको खण्डमा नगर फोहर हुने थिएन । यो नगरवासीको सांस्कृतिक स्तर नउठ्दा, उठाउन नसक्दा यस्तो समस्या भएको हो । जहाँसम्म उहाँहरूको फोहर भएपछि, रोग लागेपछि मात्र आँखा देख्नु, माइकिङ, बैठक, भेला, सभालगायतका प्रचार र सचेतना कार्यक्रम गऱ्यो भन्ने आरोप छ अबदेखि त्यसो हुन नदिन सचेत पार्नेछु र नगरवासीको सांस्कृतिक स्तर, निःस्वार्थी सेवा भावना उठाउने प्रयास गर्नेछु । यति गर्दा पनि अत्तेर गर्नेलाई नियमानुसार कारबाही गर्नेछु । यसमा सबै नगरवासीको साथ र सहयोग पाउने आशा गर्दछु ।"

अन्तमा, छेरावती द्यःले श्रीमान् बितेको ल्हुछीचा "हे मेरो प्राण.., मेरो हिरोजस्तो श्रीमान् कहाँ गएर पाउँ" भन्दै रुँदै खोजीमा निस्किन्छिन् र ख्याल पनि अन्त्य हुन्छ ।

ख्यालमा शासक दल, सरकार, नेताहरूलाई पनि व्यङ्ख्य गरी ख्यालको शोभा बढाउने काम गरिएको छ । कलाकारहरूको अभिनयमा नयवासी राज प्रजापतिको मेहनतलाई मान्नैपर्छ । अरु कलाकारहरू पानवती मैयाँ, दीना जाकिबञ्जार, ल्हुछीचा सृष्टि बाग, जज साहेब सनम फैजु, मेयर बसिल त्वायना, द्वारपाल सतिस मुस्याख्व सबैको अभिनय प्रशंसनीय छ । दर्शकको मन जित्न सफल यो ख्यालका निर्देशक राजेन्द्र श्रेष्ठलगायत सबैको मेहनत सराहनीय छ । यो ख्यालको प्रस्तुतकर्ता ख्वप कलेज र प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगी टोली धन्यवादका पात्र हुन् भने नाट्यकर्मी समाज नेपालले ख्याल मञ्चन र आस्था सांस्कृतिक समाजले हल उपलब्ध गराएर सबैलाई हेर्ने, सचेत बनाउने र रमाइलो गर्ने अवसर दिएकोमा साधुवाद !

## कविता

### ए ट्रम्प ! प्रायश्चित गर !

✍ स्नेह

ए ट्रम्प !
संसारको 'प्रहरी' ठान्छौ ?
नाटोको 'बोस' सम्झन्छौ ?
तर,
इरानदेखि डराउँछौ किन ?
गएको जुलाई ९ का दिन
टर्कीबाट फिर्ता हुँदा
खाना बोक्ने ट्रकमा लुक्दै
विमान फेर्दै भागेको किन ?
सन् २००० मा
पाकिस्तानबाट यसरी नै
बिल क्लिन्टन भागेको
सम्झना भयो कि ?
कि इरानी सैन्य कमान्डर सुलेमानी
इराकमा हत्या गर्दाको
बदला लिने डर लाग्यो ?
कि यही वर्ष इरानी नेता
खोमेनी हत्याको बदला लिने
डर लाग्यो ?
कि प्यालेस्टिनमा नरसंहारको
बदला लिने डर लाग्यो ?
त्यसैले ट्रम्प !
हतियारको होडबाजी त्याग !
नरसंहार पनि त्याग !
प्रायश्चित गर !
'नर्क' बाट माथि उठ !
(२०८३ असार २९ गते)

### मोबाइल मालिक !

✍ दाहाल सोविता

नवजात शिशुले जन्मने बित्तिकै
रुन नपाइने रे !
मुसुक्क हाँसेको सेल्फी
मालिकलाई चढाउनुपर्ने
मृत्युको मुखमा पुगेको बिरामीले
भेट्न आएका जमातको मोबाइलमा
सकी नसकी हाजिरी जनाइदिनुपर्ने ।

उता खोलाले मान्छे बगाइसक्यो
आगोले खरानी बनाइसक्यो
केको उद्धार गर्नु,
मोबाइल मालिकलाई खुसी पार्न
भिडियो खिचिदिनुपर्ने ।

यो कलियुग हो मित्र
यहाँ मन्दिरभित्र पसेर
शिर निहुराएर भगवान भेटिँदैन
बाहिर ढोकामा बसेको सेल्फी अपलोड
गरेर
सिधै स्वर्गलोक पठाइदिनुपर्ने ।

अचेल त
परिवारसँग बसेर खाने हैन
मालिकको अघि बसेर संसारभरिकालाई
खाएँ है, यो खाएँ, त्यो खाएँ,
यति र त्यति खाएँ भन्दै
खाको प्रमाण पेस गर्नुपर्ने ।

केटाकेटीले आफ्नो भविष्यको चिन्ता गर्न
पाउनुछैन
खान पाउनु छैन, खाको फाल्न भ्याउनु
छैन
नुहाउन त कता हो कता
मुखै धुन पाको छैन
आँखा झिम्क्याउने बित्तिकै गेमओभर
दत्तचित्त भएर मालिककै भक्ति गर्नुपर्ने ।

पिर नगर केटी हो !
अहिले त घर गरी खान सजिलो छ
सासुलाई आफ्नोजस्तै
भाइरल लुगा लाउन दिएर
मालिकको अघि नाचौँ भन्नू
सासूबजै मक्ख !
घर-व्यवहार भात-भान्सा
अग्रजको सेवा हैन
असल बुहारी बन्न पनि मालिककै अघि
सासू बुहारी मिलेर नाचिदिनुपर्ने ।

न समयमा सुत्न दिन्छ न त समयमा
उठ्न
सासू-बुहारी, नाति-हजुरबा, नेता-जनता
सबैलाई दिनरात घोप्टो पारेर
हात गोडा नचल्ने बनाइसक्यो
मस्तिष्क त झनै सडाएर छोडिसक्यो ।

यो मालिकले त गर्नुसम्म गऱ्यो
बालकको बालापन लुट्यो
आमाको ममता पनि
किशोरको क्षमता लुट्यो
युवाको पौरख पनि
वयस्कको अनुभव लुट्यो
वृद्धको साधना पनि
आखिर मानवको मानवता लुटिसक्यो ।

तर,विडम्बना
सबै सहेर दासझैँ बनेर
मालिकको अघि लुथ्रुक्क परेर
उसैलाई सुम्सुम्याइ रहनुपर्ने
सुम्सुम्याइ रहनुपर्ने
जय मोबाइल मालिक !

### दीक्षक, साथ सङ्गत

✍ साहिँला

अहङ्कारै अहङ्कारले
सत्ता उन्मादले
मै हुँ भन्नेहरू सब
पुरानै रोगले ग्रसित ।
नयाँको नयाँ पनि यहाँ
भेटिँदैन कुनै
सिद्धान्त विचारबिना
गन्तव्यहीन ।
बहकिन्छन् आफ्नै पाराले
हरेक काम कारबाही
सकारात्मकभन्दा
नकारात्मक हुन्छन् ।
अनुभव क्षमताहीन
सफलतामा होइन
असफलतामा तुहिन्छ
परिणामबिना ।
आफै धामी, आफै झाक्री
वर्तमान घरमुली
दीक्षक, साथ सङ्गत
भस्मासुर नै ।

### देशै बन्ला नबन्ला

✍ जयन्त पौडेल 'आश्रम'

होइन यो कस्तो तन्त्र
भन्ने बेला लोकतन्त्र
तर त्यस्तो अझै देखिएन
सायद होला लुटतन्त्र ।
यस्तोमा सरकार भने मख्ख
जनताको चिन्तै छैन
आफू बने भइगयो
देशै बन्नु किन ।
अब यदि यस्तै भए
कसले नै के भन्ने
सानालाई दुःखै दुःख हुने
ठुलालाई भने चैन ।
यस्तो देखेर भन्न थाले
पहिल्यै ठीक थियो कि
केही त थियो क्यार राम्रो
अहिले त केही न केही ।
बरु मन वचन कर्मैको
थियो नै लाग्छ सुरुकै
अहिले भयो तातो न भुत्लो
देसै नहाँक्नेको अखडा ।
त्यसैले बुझौँ पुरानै राम्रो
अलिकति थियो शान्ति
तर अहिले अराजकतै बढ्यो
थेग्नै नसकिने गरी ।

### गजल

✍ राजु तामाङ

पढौँ सिकौँन सबैले, देश बनाउँछु भनेर
देशप्रेम गरौँन, दिलमा सजाउँछु भनेर ।
कागजी नोटले होइन, अन्नले बाँच्छ मान्छे
खनजोत गरौँन भूमि, अन्न फलाउँछु भनेर ।
हाम्रै पौरख, हाम्रै सीपले, बन्छ है सुखी देश
अठोट गरौँन सबैले, पसिना बगाउँछु भनेर ।
बेथिति र कुरीतिले गाँजेको देख्दा देश
अघि बढौँन सबै, चेतना जगाउँछु भनेर ।
निमुखा सधैँ तड्पिनुपर्ने यो कस्तो व्यवस्था ?
सङ्घर्ष गरौँन, शोषणको राज्य ढलाउँछु भनेर ।

### एक पत्र प्रियसीलाई

✍ विद्रोही राम

प्रिय भक्तपुर,
जब म
यो गिद्ध राष्ट्रहरूको दुनियाँमा
बुद्ध राष्ट्रहरूले भोग्नुपरेको
दुःख-कष्ट र बर्बर हमलाहरू सम्झन्छु
तब तेरै मायाले सताउँछ मलाई ।

तेरो त देश नै भ्रष्टाचारले थल्याएको छ,
तेरो प्रदेश, जिल्ला, घर-आँगनसम्म
दुष्टहरू सल्बलाएका छन् ।

कसरी सकेकी छस् हँ
आफ्नै खुट्टामा उभिन ?
बेहुलीजस्तै सजिन ?

म भन्न सक्दिनँ
तेरो बुद्धि, विवेक, आँट, साहस र
समर्पण

भन्न सक्दिनँ
तँ माथिका शृङ्खलाबद्ध आक्रमण,
नाथे यी अधुरा-अपूरा शब्दहरूले ।

बस, यति भन्न सक्छु कि
गरिबलाई उच्च शिक्षा दिन
'ख्वप विश्वविद्यालय' चलाउनुपर्छ,
सिँहदरबार होइन, गाउँ-गाउँ अब
भक्तपुर आउनुपर्छ ।

तर, तँ भन्छस्
"जनतालाई बुझाउनुपर्छ ।"

बरु जाग्छ जनता,
जगाउनुपर्छ;
जगाउन अभियान चलाउनुपर्छ ।

आउनुपर्छ है भक्तपुर,
आउनुपर्छ
सत्यको खोजीमा
आउनुपर्छ ।

# शिक्षक तथा कर्मचारीहरूलाई बधाई ज्ञापन

भक्तपुर, २९ साउन । ख्वप मा.वि. तथा ख्वप कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरूमध्ये बढुवा भएका शिक्षक तथा कर्मचारीहरूलाई बधाई ज्ञापन एवं बढुवा पत्र वितरण कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले बधाई ज्ञापन गर्दै बढुवासँगै जिम्मेवारी पनि बढ्ने भएकोले जिम्मेवारीलाई शैक्षिक सुधारमा केन्द्रित गर्नुपर्ने बताउनुभयो ।




विद्यालय/कलेज स्थापनाको उद्देश्यलाई सबै मिलेर पूरा गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रमुख प्रजापतिले आइतबारको शैक्षिक बिदालाई शैक्षिक उन्नयनको लागि उपयोग गर्न सुझाव दिनुभयो ।

कलेज/विद्यालय सञ्चालक समितिका सदस्य रवीन्द्र ज्याख्वले ख्वप सर्कलका शैक्षिक संस्थाहरूलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्न सबै मिलेर लाग्नुपर्ने बताउनुभयो ।

"शिक्षण पेसा आदर्श पेसा र नयाँ पुस्तालाई बाटो देखाउने पेसा भएकोले शिक्षकहरू अझ सुसंस्कृत र इमानदार हुनु जरुरी छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र शिक्षक गोकर्ण दुलालले बढुवा भएका शिक्षकहरूलाई बधाइ ज्ञापन गर्नुभएको थियो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ८६

**कर्णाली प्रदेश, सुर्खेत**

**८ नं वडा**

वडा कार्यालय र व्यक्तिगत सम्पत्ति पनि क्षति भएको छ । १ करोड ३६ लाख क्षति भएको छ । ३४ लाख जति मेरो व्यक्तिगत सम्पत्ति क्षति भएको छ । सुरक्षा निकायलाई स्वतन्त्र रूपमा काम गर्न दिइएन भने देश गम्भीर गृहयुद्धमा जाने अवस्था छ । सुरक्षाको अवस्था अत्यन्त गम्भीर छ । बारम्बार धम्कीको सामना गर्नु परिरहेको छ । २४ गतेको सुरक्षा निकायको लापरबाही गम्भीर मूल्याङ्कनको विषय बनेको छ । सरकार गम्भीर छैन । भीडबाट निर्देशित सरकार सबैको बनोस् ।

**मुख्य न्यायाधिवक्ताको कार्यालय**

२ वटा गाडी जलेका छन् । कार्यालयको सिसा फुटेको छ । ११ लाख ४६ हजारको क्षति भएको छ ।

**दिनेश भण्डारी, नापी कार्यालय**

भुइँ तलाको प्राविधिक फाँटसहित कार्यालय जलेर नष्ट भएको छ । सर्भर पनि नष्ट भएको छ । सेवा प्रवाह गर्न बजेट छैन । कानुनी व्यवस्था छैन । ३ घण्टा जति आगो लगाए । १ करोड ६५ लाखको भवन, ५० लाख ६५ हजारसमेत कुल २ करोड ६३ लाखको क्षति भएको छ । अपराधमा संलग्न सबैलाई कडा कारबाही होस् ।

**अख्तियार अनुसन्धान दुरूपयोग कार्यालय**

१३ लाख जतिको क्षति भएको छ ।

**लेखा नियन्त्रण कार्यालय**

यो कार्यालयमा आगलागीबाट १७७ लाख क्षति भएको छ ।

**मुख्यमन्त्रीको कार्यालय**

लुटपाट तथा तोडफोड भएको छ । मुख्यमन्त्री कार्यालय र मन्त्री आवासमा अन्दाजी रु. ६३,०००।- क्षति भएको छ ।

**भेरी बबई डाईभर्सन**

कम्पाउन्ड बाहिरबाट ढुङ्गामुढा भयो ।

**लक्ष्मीप्रसाद वासकोटा**

वि.न.पा. कार्यालय, सिटिहललगायत स्थानमा आगजनी भएको छ ।

**मेघनाथ सापकोटा**

सिसा टुटफुट र फर्निचर तोडफोड भएको छ । करिब ४ लाख जतिको क्षति भएको छ ।

**नीलकण्ठ ढकाल, उपमेयर बिनपा**

मेरो घरसँगै सबै कपडासमेत जलाइएको छ । प्रधानमन्त्री अराजक र प्रतिशोधबाट ग्रसित छन् । अब नेपाली भन्ने अवस्था छैन । सरकारमा गएका मानिसहरू परिचालित हुन् । सबै संलग्नलाई कारबाही होस् । नेपालको राष्ट्रिय छवी निर्माणमा सबैको ध्यान जानु आवश्यक छ । शान्ति सुरक्षाको अवस्था दयनीय छ । राष्ट्रिय आत्मविश्वास गिरेको अवस्था छ ।

**नगर प्रमुख, मोहनमाया ढकाल**

भदौ २४ गते भएको विध्वंसात्मक घटनाले विकासको गति पछाडि धकेलिएको छ । नगरपालिकाका सबै वडा कार्यालय, नगरपालिका, अभिलेख र साधन-स्रोत सबैमा क्षति भएको छ । निर्माणको गति रोकिएको छ । यसमा परिचालित व्यक्ति र समूहहरू संलग्न छन् । पूर्वन्यायाधीशहरूसमेतले आन्दोलनमा विष भर्ने काम गरेका छन् । गैंती, बेल्चा लगेर घर तोडफोड गरेका छन् । मेरो घरमा आगजनी गरिएको छ । समितिले निष्पक्ष छानबिन गरोस् । पीडितले न्याय पाउने वातावरण निर्माणमा आयोगले भूमिका खेलोस् । प्रतिशोधको भावनाले देशलाई गति दिन सकिँदैन । लोकतन्त्रको उपयोग सबैले गर्नु आवश्यक छ । लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो । राज्य सबैको कुरा सुन्ने र विवेकसम्मत निर्णय गर्ने अभिभावक बनोस् ।

३१ सदस्य बीपी भण्डारी दण्डहीनताको अन्त्य तथा क्षतिपूर्तिको सम्बन्धमा रिपोर्टमा गम्भीरताका साथ अध्ययन गरी सामेल गरिने छ । निष्पक्षाता कायम गरिने छ । सहभागीहरूबाट उठेका सरोकारका विषयलाई कार्यदिशको अधीनमा रही पूर्ण पालना गरिने छ ।

---

*"आत्मनिर्भर...*

व्यवसायीहरूको एकता नै व्यवसाय क्षेत्रको शक्ति भएको बताउनुभयो । उहाँले रेडिमेड व्यापारले रोजगारी सिर्जना, व्यवसाय विस्तार तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्नुभयो । पछिल्लो समय आर्थिक गतिविधि बढ्दै गएको भए पनि अनियन्त्रित आयात, बढ्दो प्रतिस्पर्धा, उपभोक्ताको बदलिँदो रुचि, कर तथा डिजिटल बजार व्यवसाय क्षेत्रका प्रमुख चुनौती रहेको उहाँको भनाइ थियो । यस्ता चुनौतीलाई अवसरका रूपमा लिएर व्यवसाय विस्तार गर्नुपर्ने तथा भक्तपुरको मौलिकता झल्किने व्यवसायलाई प्रवर्द्धन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर इँटा उद्योग व्यवसायी सङ्घका अध्यक्ष नातिभाइ ह्योम्बाले व्यापार व्यवसाय सञ्चालनका लागि सबै व्यवसायी एकजुट हुनुपर्ने बताउनुभयो । व्यवसायीलाई राज्य तथा स्थानीय सरकारको साथ र सहयोग आवश्यक रहेको उहाँको भनाइ थियो । राज्यले इँटा उद्योग बन्द गर्ने विषय उठाइरहँदा धेरै श्रमिक रोजगारीबाट वञ्चित हुने उल्लेख गर्दै उहाँले निश्चित मापदण्ड तयार गरी इँटा उद्योग सञ्चालन गर्न दिनुपर्ने माग गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकारले अधिवेशनको सफलताको शुभकामना दिँदै उपभोक्तालाई गुणस्तरीय सामान सरल रूपमा उपलब्ध गराउने तथा मूल्यमा एकरूपता कायम गर्ने प्रयास सकारात्मक रहेको बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले बजारमा विभिन्न आयातीत सामानसँगै स्थानीय उत्पादनलाई पनि व्यवसायिक स्थलमा राख्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो । स्थानीय उत्पादनको प्रवर्द्धनले स्वदेशी व्यवसाय तथा अर्थतन्त्रलाई थप बलियो बनाउने उहाँको भनाइ थियो ।

ललितपुर तयारी पोशाक व्यापार सङ्घका अध्यक्ष शेरबहादुर महर्जनले अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर रेडिमेड व्यापार सङ्घका अध्यक्ष राजेन्द्रकुमार प्रजापतिले सङ्घले व्यवसाय प्रवर्द्धन तथा व्यवसायीहरूको हकहितका लागि विभिन्न गतिविधि गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर रेडिमेड व्यापार सङ्घका पूर्वअध्यक्ष राजु त्वानाबासुले धन्यवादज्ञापन गर्नुभएको थियो भने भक्तपुर उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष विश्वराम दुवालले पनि बोल्नुभएको थियो ।

---

*देशको...*

भूगर्भशास्त्रीहरूहरूका अनुसार काठमाडौँ उपत्यकाको जमिनले यहाँ बनिरहेको भारी संरचना पुल, सडक, भवन थेग्न नसक्ने र कुनै दिन ती संरचना डुब्ने खतरा बढ्दो छ । यसकारण, काठमाडौँ उपत्यकावासी एक चिहान हुन नदिन सरकारले यहाँ भइरहेको बसाइँसराइ रोकेर देशको सन्तुलित विकास गर्नु जरुरी छ ।

- रास्वपा सरकारले नेपाल वायु सेवा निगमको चार महिनायता ६ अर्ब २७ करोड रूपैयाँ आम्दानी, ८६ प्रतिशत अकुपेन्सी र १ अर्ब ६ करोड रूपैयाँ ऋणको किस्ता तिरेको बतायो । तर, निगमको लेखामा वार्षिक आय २३ अर्ब ४० करोड र खर्च २४ अर्ब पुग्ने अनुमान गऱ्यो । अर्थात्, रु. १ अर्ब घाटा भएको अवस्थामा १ अर्ब थप रूपैयाँ नै ऋण तिरेको दाबी झूटा किन होइन ? निगमको ५० अर्ब रूपैयाँभन्दा बढी ऋण तिर्नेबारे रास्वपा सरकार किन बोल्दैन ?
- युनाइटेड टेलकम लिमिटेड (यूटीएल)को नेपाल सरकारलाई ३० अर्ब ८० करोड बक्यौता तिर्नुपर्नेमा सरकारसँगको मिलेमतोमा १० अर्ब रूपैयाँ बुझाएर लाइसेन्स नवीकरणको तयारी भइरहेको सार्वजनिक भयो । नेपालीले कुनै वित्तीय संस्थामा लिएको ऋण समयमा चुक्ता गर्न नसके थप ब्याजसहित तिर्नुपर्दछ । सरकारले विद्युत्, खानेपानी, टेलिफोनको महसुल समयमा नतिर्नेको लाइन काट्ने र हर्जाना तिराएरमात्र पुनः सेवा दिने गर्छ । के यूटीएलसँग हर्जाना लिनुपर्दैन ? यूटीएलको नेपाली साझेदार राजबहादुर सिंह को हो ? किसानले मल नपाउने, जनताले खानेपानी र सिटामोल नपाउने ? के रास्वपा सरकारको सुशासन यही हो ?

हार्दिक समवेदना



जन्म
२०१५/०९/०४

स्वर्गारोहण
२०८३/०४/२७

राजाराम गोरा

यस 'मजदुर' दैनिकमा कार्यरत कर्मचारी रजिता गोराका पूजनीय बाजे **राजाराम गोरा**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

'मजदुर' दैनिक परिवार
कमलविनायक, नगांचा, भक्तपुर-१०

## लघु कथा

# गिट्टी कुट्नेका सन्तान

✍ दुर्गा

हिजो बसस्टपमा हामी गिट्टी कुट्नेका भिखारी सन्तान रे । तैँलै न हामीले जस्तो राम्रो लुगा र जुत्तामा लाउन सकिस् ? त्यहीँ च्याटेको, मैलो लुगा र फाटेको चप्पल लगाएकी छेस् । तिमीहरू सरकारी स्कूलमा पढ्ने हौ ? तिम्रो स्कूल र स्कूलका शिक्षकहरू न राम्रोसित पढाउँछन् न समयमा स्कूलमा आउँछन् । विभिन्न बहानामा टाप कस्ने त हुन् नि, न तिनका सन्तान त्यहाँ पढाउँछन् नै । तिनीहरूका सन्तान पनि हाम्रोजस्तो राम्रो लुगा र जुत्ता लगाउने, राम्रो पढाउने बोर्डिङ स्कूलमा पढाउने हो बुझिस् ।

मलाई ती शोषक, भ्रष्टाचारी, धनीका सन्तानले आफू बोर्डिङमा पढ्ने विद्यार्थी र म सरकारी स्कूलमा पढ्ने भिखारीका सन्तान भनेर होच्याएर बोले । मैले पनि त्यो अपमानलाई सहेर बस्न सकिनँ । मैले पनि त्यसलाई मुखभरिको जवाफ दिएँ, "मेरा आमाबुबाले गिट्टी कुटेर इमानका साथ मेहनत गरेर, पसिना बगाएर मलाई यति भए पनि सकीनसकी पढाउनुभएको छ । न हाम्रो घर छ न त जग्गा नै छ । तिमीहरूका जस्ता मेरा आमाबुबा विदेशीको नुन खाएका, भ्रष्टाचारी, शोषक, सामन्त, जालीफटाहा, धनी होइनन् क्यारे । मेरा आमाबुबाले गिट्टी कुट्नुहुन्छ । मेरा आमाबुबाले इमान बेच्नुहुन्न । बरु, गरिबी सहिन्छ, अभाव भोगिन्छ तर, देश चुस्ने, बेच्ने गर्नुहुन्न । आवश्यक परे देशको लागि भीमसेन थापा र भक्ति थापाले जस्तो, तराईका सिमानाका हाम्रा नेपाली दाजुभाइ दिदी बहिनीले जस्तो ज्यान दिन तयार हुनुहुन्छ । मेरा आमाबुबाबाट मैले यहीँ देशभक्ति भावना सिकेकी छु । यसैमा मलाई गर्व छ । छि ! तेरो भ्रष्ट, शोषक, सामन्त, जालीफटाहा, विदेशीले पालिएका धनी आमाबुबालाई धिक्कार छ । अनि तेरो नोटको बिटो बुझाउन सक्नेलाई मात्र पढाउने, स्कूल होइन । विदेश पठाउने बोर्डिङ स्कूललाई पनि धिक्कार छ । हाम्रो विद्यालय तेरो स्कूलजस्तो होइन बुझिस् ?

तिनलाई तिनका स्कूलका चिल्ला गाडी लिन आए र उनी त फनक्क पिठ्युँ फर्काएर आँखा तरेर हुइँके ।

तिमी मलाई हाम्रो विद्यालयमा सँगै जान लिन आयौ । तिनले थुतुनो चलाएजस्तो हाम्रो सरकारी विद्यालय र हाम्रा गुरुबा, गुरुआमाहरू त्यस्ता हुनुहुन्न होइन र ! ? सबै देशभक्त, मेहनती र राम्रा नै छन् । यिनीहरू पढेर देशलाई घात गरेर विदेशमा पढ्न जाने र त्यहीँ बस्ने त हुन् नि । देशलाई माया गर्ने, बनाउने र बचाउने भनेको हामीजस्ता सरकारी विद्यालयमा पढ्ने भिखारी, दरिद्रका सन्तान नै हुन् नि होइन र ! ?

ती साथी किसानकी छोरीले उनको कुरा सुनेर गौरव गर्दै भनिन, "साथी तिमीले ठीक भन्यौ, जस्तालाई तस्तै ढिँडालाई निस्तै । यिनीहरू देशभरका बहुमत हामीजस्ता सन्तान, विद्यार्थीहरूलाई यसरी नै हेप्ने वर्ग चरित्रका हुन् । हामीजस्ता बहुमत मजदुर, किसानका सन्तान शिक्षित नभएसम्म देश शिक्षित, सम्पन्न हुनै सक्दैन । छिमेकी मित्र देश चीन, उत्तर कोरियालाई हेर्नुस् न । त्यहाँजस्तो हाम्रो देशमा पनि राम्रो, गतिलो सरकार भइदिएको भए हामीले पनि पढ्ने समान अवसर पाउने थियौँ । यहाँ हामीलाई त्यसरी पढ्न, सिक्न आजसम्मका कम्युनिस्ट भनिएका सरकारले समेत बञ्चित गऱ्यो । यिनीहरूले त हामीलाई भारी बोक्ने भरिया, ज्यामी बनाउने हुन् । हामीलाई कहिल्यै पनि मालिक र शासक बन्न दिँदैनन् । त्यसको लागि हामीले मेहेनत गरेर पढ्नु र सङ्गठित भएर लड्नुपर्छ । अनि उनीहरूले त्यसरी हेप्न सक्ने छैनन् । विद्यालय पनि आइपुग्यो, दुबै कक्षा कोठामा पढ्न गए ।

हार्दिक समवेदना



जन्म : २०३९/१२/२८
निधन: २०८३/०४/१६

यस संस्थाका सदस्यता नं. २४३ का सदस्य **पूर्णलक्ष्मी भोमी**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

बेखाल बचत तथा ऋण सहकारी संस्था लि.
बेखाल, भक्तपुर-१०

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

❖ इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
❖ निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
❖ बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
❖ धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
❖ इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
❖ परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा